
# लेखापरीक्षण प्रतिवेदन

## सिद्धार्थनगर नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सिद्धार्थनगर नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख　　　　महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/574

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख/अध्यक्षज्यू,
सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा भत्ता वितरण रु.२० करोड ४१ लाख ६१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.७० लाख ४५ हजार र स्थानीय तह प्रशासकिय भवन रु.१० लाख समेत गरी रु.२१ करोड २२ लाख ६ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन।

२. पालिकाको रु.२ अर्व २ करोड ८ लाख ९१ हजार लेखापरीक्षण गरिएकोमा रू. ६ करोड ८९ लाख २३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५ लाख ६७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ करोड ६६ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५२ लाख ४६ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ६२ लाख २ हजार र पेस्की बाँकी रु.२ लाख ८० हजार रहेको छ। गत वर्षसम्म सम्परीक्षण पश्चात रु.८३ करोड १० लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८९ करोड ९४ लाख ४२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.नगरपालिकाले आफु मातहत रहेको स्थिर सम्पत्तिको खुलासा गरेको छैन। सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सिद्धार्थनगर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सिद्धार्थनगर नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | १२५ | ६८९२३ | ० | २३ | ५६७ | ० | ४९ | १०२ | ६८३५६ | ३६६२८ | २६२०२ | ५२४६ | ० | ० | ३१४४८ | २८० |

**अद्यावधिक बेरुजू स्थिति**

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ८४३५९७ | ० | १२५११ | ८३१०८६ | ० | ६८३५६ | ८९९४४२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५ | बिपन्न आवास निर्माण र पेश्कि फिर्ता | १९,००,००० |
| २ | २०७७/७८ | ३४ | टुक्रा परि खरिद | ११,४८,५९४ |
| ३ | २०७७/७८ | ३९ | शिक्षकको तलब भुक्तानीमा अनियमितता | ५,७६,००० |
| ४ | २०७७/७८ | ७ | सामुदायिक कृषिवजार पूर्वाधार निर्माणको पेश्कि जमानत र पि एस भुक्तानि | २१,२२,९८० |
| ५ | २०७८/७९ | ३९.२ | आय ठेक्का | १६,०६,००० |
| ६ | २०७८/७९ | ४० | कर तथा राजश्व | ६,६५,८३८ |
| ७ | २०७९/८० | २१ | छात्रालाइ नगद वितरण | २,०५,००० |
| ८ | २०७९/८० | १७ | कार्यक्रम विपरीत खर्च | ४,३७,८९६ |
| ९ | २०७९/८० | १३ | सोकीय सचिव तथा अन्य कर्मचारी | १२,३५,४०४ |
| १० | २०७९/८० | २४ | सरसफाइ खर्च | १,५७,७७३ |
| ११ | २०७९/८० | ३२.६ | शिक्षा तर्फ | ४५,१६२ |
| १२ | २०७९/८० | १० | पेश्की व्यवस्थापन | ८५,००० |
| १३ | २०७९/८० | २९ | पालिका पूँजिगत निर्माण तथा परामर्श | १४,५१,४१३ |
| १४ | २०७९/८० | २६ | पदाधिकारीको इन्धन खर्च | ४,३८,९२४ |
| १५ | २०७९/८० | ३०.६ | पालिका पूँजिगत खरिद तथा निर्माण | ४,३४,९९५ |
| १६ | २०८०/८१ | ३२ | नगद राजश्व दाखिला नभएको | ६१,२२६ |
| १७ | २०८०/८१ | ५७ | बैठक भत्ता | १,२८,४०० |
| १८ | २०८०/८१ | ३८ | समायोजन ग्रेड | १,९१,३८६ |
| १९ | २०८०/८१ | ३९ | दोहोरो भत्ता | १,८६,१५० |
| | | | जम्मा | १,३०,७८,१४१ |

लेखापरीक्षण बक्यौता नरहेको ।

# (८०५४८४०४३०० - सिद्धार्थनगर नगरपालिका, रुपन्देही )

# सिद्धार्थनगर नगरपालिका , रुपन्देही

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस सिद्धार्थनगर नगरपालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल ३६.०३ वर्ग किलोमिटर तथा ७६३०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।३ देखि २०८१ ।९।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.२ अरब २ करोड ८ लाख ९१ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदनम.ले.प.फा.नं. २७० देहाय बमोजिम रहेको छ:

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गतआ.व.को कारोवार |
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | २३,०७,२३,६८६.४६ | ० | २३,०७,२३,६८६.४६ | २०,६४,८५,९८०.५० |
| १३००० | अनुदान | | ४४,६५,४१,०२८.३५ | ० | ४४,६५,४१,०२८.३५ | ५७,६६,८५,४२८.६२ |
| १४००० | अन्यराजस्व | | ६,८२,६८,०७०.४१ | ० | ६,८२,६८,०७०.४१ | ९,१०,४६,०३६.३८ |
| ३३३४२ | मनोरञ्जनकर | | ४,२०,०००.०० | ० | ४,२०,०००.०० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ७४,५९,५२,७८५.२२ | | ७४,५९,५२,७८५.२२ | ८७,४२,१७,४४५.५० |
| ३ | चालु | | ५१,६५,७३,२७६.७७ | ० | ५१,६५,७३,२७६.७७ | ५५,६९,६९,७८०.१२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २६,७०,९२,५९३.९० | ० | २६,७०,९२,५९३.९० | ३०,८५,९८,९१७.७९ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | १९,५८,५८,९९३.८७ | ० | १९,५८,५८,९९३.८७ | १८,२८,७५,४६२.७५ |
| २४००० | ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | | ६०,००,०००.०० | ० | ६०,००,०००.०० | ५८,२४,६८४.३० |
| २५००० | सहायता (Subsidy) | | २७,४१,७४७.०० | ० | २७,४१,७४७.०० | ३,३३,०७,८६२.९० |
| २६००० | अनुदान | | ० | ० | ० | ३,२७,४८९.०० |
| २७००० | सामाजिकसुरक्षा | | ४,४८,७९,९४२.०० | ० | ४,४८,७९,९४२.०० | १,८०,७५,९३३.०० |
| २८००० | अन्यखर्च | | ० | ० | ० | ७९,५९,४३०.३८ |
| ४ | पूंजीगत | | २५,६०,१३,६१३.३५ | ० | २५,६०,१३,६१३.३५ | ४३,१७,५०,८६९.०४ |
| ३१११० | भवनतथा संरचना | | २,५०,०९,९३२.०० | ० | २,५०,०९,९३२.०० | १५,४२,२१,४७५.६२ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,३७,५०,८२८.०० | ० | १,३७,५०,८२८.०० | १,८४,६५,४४१.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ८४,२२,१७९.०० | ० | ८४,२२,१७९.०० | २८,२१,०७५.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | २०,३८,८८,६२५.३५ | ० | २०,३८,८८,६२५.३५ | २१,७५,२८,९३१.०७ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | | २८,४२,४९२.०० | ० | २८,४२,४९२.०० | ४५,६७४.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | | १७,९९,५५८.०० | ० | १७,९९,५५८.०० | ३,८६,६८,२७२.३५ |
| ३१२२० | मौज्दातसामानहरु | | २,९९,९९९.०० | ० | २,९९,९९९.०० | ० |
| ५ | वित्तीय | | ६६,१३,४७०.७५ | ० | ६६,१३,४७०.७५ | ० |
| ३२१४८ | संस्थानबाटऋण लगानी | | ६६,१३,४७०.७५ | ० | ६६,१३,४७०.७५ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फिर्ता | | | | | |
| ख) | **कुलजम्मा भुक्तानी** | | ७७,९२,००,३६०.८७ | | ७७,९२,००,३६०.८७ | ९८,८७,२०,६४९.१६ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (३,३२,४७,५७५.६५) | | (३,३२,४७,५७५.६५) | (११,४५,०३,२०३.६६) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | १६,८२,२६६.०८ | | १६,८२,२६६.०८ | २,६८,११,७८५.७८ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | -२,३५७.५७ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (३,१५,६५,३०९.५७) | | (३,१५,६५,३०९.५७) | (८,७६,९१,४१७.८८) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | | १६,२०,१९,७५०.७७ | | १६,२०,१९,७५०.७७ | २४,९७,११,१६८.६५ |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १३,०४,५४,४४१.२० | | १३,०४,५४,४४१.२० | १६,२०,१९,७५०.७७ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७०४५००० | १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७०४५००० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | २०४१६०८०९ | २ | सामाजिक सुरक्षा तथा संरक्षण | २०४१६०८०९ |
| ३ | स्थानीय तह प्रशासकिय भवन | १०००००० | ३ | प्रशासकिय भवन | १०००००० |
| | जम्मा | २१२२०५८०९ | | जम्मा | २१२२०५८०९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. १२ लाख ९४ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

४ **समपुरक अनुदान**

लुम्बिनी प्रदेश प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (६) अनुसार आयोजना का लागि समपूरक अनुदान दिने व्यवस्था छ । समपुरक अनुदान अन्तर्गत खर्चको ५०,५० प्रतिशत व्यहोर्नेगरी कार्यक्रम स्वीकृत भएकोमा निम्नानुसार प्रदेश तर्फको मात्र रकम खर्च भएकोले पालिकाले व्यहोर्नुपर्ने रु.१३ लाख ५३ हजार प्रदेश संञ्चित कोषमा दाखिला हुनुपर्ने रु. १३५३०००

| क्र. सं | योजना | खर्च जम्मा रु हजारमा | प्रदेशवाट खर्च रकम | पालिकावाट खर्च हुनुपर्ने | पालिकावाट खर्च भएको | प्रदेश फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | पृथ्वी पार्क निर्माण | ७०५१ | ४८७९ | ३५२५ | २१७२ | १३५३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५३,००० |

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २,८४,०७,०००.०० | २,१२,६२,६६५.३५ | २.७३ |
| २ | पूर्वाधार विकास | ५१,१३,१५,०००.० | २२,५६,१८,९०१.० | २८.९६ |
| ३ | सामाजिक विकास | ३२,९३,००,८००.० | २८,१५,३२,६४२.० | ३६.१३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,८३,२५,०००.०० | २,२६,८८,८३८.९० | २.९१ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २४,४१,७७,२००.० | २२,८०,९७,३१३. | २९.२७ |
| | जम्मा | ११४१५२५०००. | ७७९२००३६०.२५ | |

६ **त्रैमासिक खर्च**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा ६.३५, ९.४२ प्रतिशत, तेस्रो त्रैमासिकमा २८.९२ तथा चौथो त्रैमासिकमा ५५.३२ प्रतिशत खर्च गरेको देखिन्छ। कुल पुँजिगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ३६.२६ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ ।

( रकम रु हजारमा)

| क्र.स | बजेट | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | २५४४१० | १६१४४ | २३९५७ | ७३५६७ | १४०७४२ | ९२२५७ |
| कुल खर्चको तुलनामा प्रतिशत | | **१००** | **६.३५** | **९.४२** | **२८.९२** | **५५.३२** | **३६.२६** |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५५.३२ प्रतिशत तथा आषाढ महिनामा ३६.२६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

७ **प्रगति**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ । शुन्य प्रगति र कम प्रगति भएका कार्यक्रमको

निर्माण व्यवसायीले सम्झौता अनुसार काम नगरेको कारण तथा पालिकावाट वजेट विनियोजन भए पनि श्रोत अभावको कारण कार्यान्वयन हुन नसक्नु कारण देखाईए तापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

| व्यय | | | |
|---|---|---|---|
| शीर्षक | बार्षिकबजेट | खर्च | खर्च(%) |
| ३११११ आवासीय भवन निर्माण/खरिद | १,१६,५०,०००.०० | १,२८,२४५.०० | १.१ |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ५,०१,००,०००.०० | २,४३,६१,०६७.०० | ४८.६२ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधारखर्च | १२,००,०००.०० | २५,०००.०० | २.०८ |
| ३१११४ जग्गा विकास कार्य | १०,००,०००.०० | ४,९५,६२०.०० | ४९.५६ |
| ३११२२ मेशिनरी तथा औजार | १,३५,००,०००.०० | १,१५,६१,०७२.०० | ८५.६४ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ३३,००,०००.०० | २१,८९,७५६.०० | ६६.३६ |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १,००,०००.०० | ९९,४५०.०० | ९९.४५ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथाखरीद खर्च | ५,००,०००.०० | ० | ० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ९३,००,०००.०० | ८३,२२,७२९.०० | ८९.४९ |
| ३११५१ सडक तथा पूल निर्माण | १०,८३,३४,९००.०० | ५,८९,३३,४९८.०० | ५४.४ |
| ३११५३ विद्युत संरचना निर्माण | १३,००,०००.०० | ५,८५,२५४.०० | ४५.०२ |
| ३११५५ सिंचाई संरचना निर्माण | १५,००,०००.०० | ११,०८,१२९.०० | ७३.८८ |
| ३११५६ खानेपानी संरचना निर्माण | १२,००,०००.०० | ८,२८,२१९.०० | ६९.०२ |
| ३११५७ वन तथा वातावरण संरक्षण | २०,००,०००.०० | १८,०७,९२०.०० | ९०.४ |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,००,०००.०० | ७,००,०००.०० | १०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३३,७६,३०,१००.०० | १३,९९,२५,६०५.३५ | ४१.४४ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधारखर्च | ६०,००,०००.०० | २८,४२,४९२.०० | ४७.३७ |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिकनिर्माण | २०,००,०००.०० | ० | ० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १८,००,०००.०० | १७,९९,५५८.०० | ९९.९८ |
| ३१२२१ मौज्दात सामानहरु | ३,००,०००.०० | २,९९,९९९.०० | १०० |
| पूंजीगत | ५५,३४,१५,०००.०० | २५,६०,१३,६१३.३५ | ४६.२६ |

## ८ योजना तथा वजेट कार्यान्वयन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालिन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. २५ करोड ६० लाखको खरिद गुरुयोजना बेगर गरेको छ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८० अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ७ करोड ९३ लाख ७२ हजार मिति २०८१।१।३ मा रकमान्तर गरेको छ । उक्त रकम वजेटको तुलनामा ६.९९ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये १० योजनामा रु. १ करोड ५८ लाख ४८ हजार खर्च गरेको छैन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

## ९ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार पालिकास्तरका कुल १०८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०८ | ६५ | ३९ | ४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९८ योजनामात्र कार्यान्वियन भई १० योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

## १० अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले फुटकर खर्च र सामाजिक विकास शिर्षकको वडास्तरीय योजनाहरुमा रु. ७१ लाख ३२ हजार १०० अबण्डा बजेट व्यवस्था वडा समितिको निर्णयअनुसार विभिन्न योजनामा खर्च गरेको छ। अबण्डामा बजेट राखी वडा समितिको निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

## ११ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २ करोड ४० लाख ९१ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १२ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.१ अर्व

१३ करोड ४१ लाख ४२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१३ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले रिक्त विभिन्न पदमा ४३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २ करोड ३३ हजार खर्च लेखेको छ । लोकसेवा आयोगमा लेखि पठाएको भए पनि पदपुर्ति नभएको तथा पुन लेखि पठाएको छैन । नियमानुसार स्थायी पदपुर्तिका लागि लोकसेवा आयोग पठाएक पदपुर्ति हुनुपर्छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक अ.न.मी., अहेव, ल्याब असिस्टेन्ट समेत १२ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु. ५९ लाख ६४ हजार ३९७ भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५९,६४,३९७ |

१४ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले सभाबाट निर्णय गराई सभावाट स्वीकृत सिद्धार्थ नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ (३.२) अनुसार कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समय तथा सार्वजनिक विदाको दिनमा समेत काम गरेमा, नियमित रुपमा अनुशासित भई आफुले तोकेको जिम्मेवारी पुरा गरेमा स्थायी कर्मचारीहरुलाई मासिक तलवमानको २० प्रतिशतका थप भत्ता उपलव्ध गराउने व्यवस्था वमोजिम यो वर्ष पालिकाले रु. १ करोड २१ लाख ९ हजार प्रोत्साहन भत्ता वापत भुक्तानी गरेको छ । भत्ता भुक्तानी गर्दा उल्लेखित सर्तहरु पुरा भएको अभिलेख प्रमाणीत गरी राखेको छैन । यस्तो भत्ता यो वर्षको आन्तरिक आय रु. १२ करोड ६३ लाख ५२ हजारको ९.५८ प्रतिशत हुन आउँदछ ।कार्यविधिले तोकेको प्रकृया पुरा भएको अभिलेख संलग्न गरी आन्तरिक आय तथा कार्यवोझ तथा उपलब्धि समेतलाई विचार गरी भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषवाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकास कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन ।

स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु. १ करोड ६३ लाख ७३ हजार खर्च गरेको छ । अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ९९ मा सोही नियमावलिको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेपनि प्रतिवेदनको कार्यान्वियन गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनअनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१७ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. १६ करोड २० लाख २२ हजार १०८ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु.१६ करोड २० लाख १९ हजार ७५०.७७ जिम्मेवारी सारेको देखिएकोले घटी जिम्मेवारी सारेको रु. २ हजार ३५८ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३५८ |

१८ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २० करोड ४१ लाख ६० हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ७० लाख ४५ हजार र स्थानीय तह प्रशासकिय भवनको रु. १० लाख समेत गरी रु. २१ करोड २२ लाख ५ हजार एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

१९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन :

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १५ लाख खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ३९ लाख ९९ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ । साथै कर्मचारीले आफ्नो कार्यविवण अनुसारको कार्यसम्पादन गर्नुपर्दछ ।

२० **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा अन्तरगत कर्मचारी कार्यरत भए पनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण भएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । साथै कर्मचारीले आफ्नो कार्यविवरण अनुसार कार्य गरेको नदेखिएकोले तलब भत्ता खर्च अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,३५,१११ |

२१ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । निम्नानुसारका करारका कर्मचारी खर्च, सल्लाहकार सुविधा, बैठक भत्ता तथा ईन्धनमा गत वर्षको तुलनामा खर्च वृद्धि भएकोमा कार्यालयले सोको कारण खुलाएको छैन । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | १३०३० | २००३३ | ५३.७४ |
| २ | सल्लाहकार खर्च | ७७४ | १०७३ | ३८.६३ |
| ३ | जलपान | ४४९९ | ३९३९ | |
| ४ | इन्धन | ३९३८ | ५३१६ | ३४.९९ |
| ५ | मसलन्द | ३८६८ | ३२२८ | |

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । न्यायिक समितिमा मेलमिलाप तथा विवाद निरुपणका गत वर्षको बाँकी ११ र यो वर्षको ३४ समेत ४५ मध्ये ३७ फस्र्यौट भई ८ उजुरी बाँकी रहेको देखिन्छ । उजुरीहरु तोकिएको समयभित्र टुङ्गो लगाउनुपर्ने देखिन्छ ।

२३ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १६ वटा ऐन, नियमावली ७ तथा कार्यबिधि मापदण्ड ६६ समेत ८९ कानुन स्वीकृत भएको देखिन्छ ।

२४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ५१ लाख ५४ हजार ३३९ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. २ लाख २९ हजार ८९० फर्स्यौट गर्न बाँकी रहेकोले फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | गत आ.व.को वाँकी | यस आ.व.को म्याद नाघेको | जम्मा | | |
| १ | २०८१/०१/०४ | फुटकर बजेट वडा समितिको निर्णय अनुसार | अनिलकुमार सिंह गुरुङ | | ५०,०००.०० | | | |
| २ | २०८०/०६/२९ | वडाको मठ, मन्दिर, मौलापुजाहरुलाई सहयोग गर्ने | मेकप्रसाद गुरुङ | | ६,१६०.०० | ६,१६०.०० | | |
| ३ | २०८०/०६/२९ | विविधखर्च | सुरेशअहिर | | १५,०००.०० | १५,०००.०० | | |
| ४ | २०८०/०६/२९ | सामाजिकविकास संग सम्बन्धित बिभिन्न कार्यक्रमहरुका लागि | अनुरूध्दयादव | | १०,०००.०० | १०,०००.०० | | |
| ५ | २०८०/०६/२९ | विविधखर्च | इस्तियाकअहमद | | ८,०००.०० | ८,०००.०० | | |
| ६ | २०८०/१२/२५ | फोहोरमैला व्यवस्थापनको लागि | मेकप्रसाद गुरुङ | | ८०,०००.०० | ८०,०००.०० | | |
| ७ | २०८०/०४/०१ | विधुत पोल व्यवस्थापन (नगरका विभिन्न स्थानमा) | नेपालविधुत प्राधिकरण | ४,२४,४४९.२४ | | ४,२४,४४९.२४ | | |
| ८ | २०८०/०४/०१ | स्मार्टलाइट-म्याचिंग फण्ड | नेपालविधुत प्राधिकरण | ४५,००,०००.०० | | ४५,००,०००.०० | | |
| ९ | २०८०/०९/१८ | विद्युतपोल व्यवस्थापन | नेपालविधुत प्राधिकरण | | १,१०,७३०.०० | १,१०,७३०.०० | | |
| | | | | ४,९२४,४४९.२४ | २,७९८९०.०० | ५,१५४,३३९.२४ | | |

| | |
|---|---|
| पेश्की | २,७९,८९० |

२५ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४५४ |
| जन्मदर्ता | १२५६ |
| मृत्युदर्ता | ४०९ |
| बसाईसराई दर्ता | २६३ |
| विवाह दर्ता | १८९ |
| सम्बन्धविच्छेद दर्ता | ५६४ |
| पूर्वाधार विकास सडक निर्माण | ८४ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको अभिलेख व्यवस्थित देखिएन ।अत: सवै प्रकारका सेवाप्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२७ **आन्तरिक राजस्व - यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउँछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन ।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादनमा निकासी कर लगाईएको पाईएन ।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन ।

२८ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ ।

२९ **असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थितिनिम्न अनुसार रहेको छः गत वर्ष भन्दा यस वर्ष राजश्व घटेको देखिन्छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| शीर्षक | प्रस्तावितआय | वास्तविकआय | शीर्षक | गत वर्षको |
|---|---|---|---|---|
| ११३१३ सम्पती कर | ३००००००००. | २२०२१५९५.४३ | ११३१३सम्पती कर | १८७८८५८६.९१ |
| ११३१४ भुमिकर/मालपोत | २००००००००. | ८०६०४०३.८६ | ११३१४भुमिकर/मालपोत | ६७८२६०४.२ |
| ११३१७ वहाल कर | ३५००००००. | २६७६४२१७.१ | ११३१७वहाल कर | ३४८४७७९१.८८ |
| ११३१८ वहाल विटौरी कर | १६००००००. | १३७६६२.२५ | ११३१८वहाल विटौरी कर | ० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ० | २२७११०. | ११४५१सवारी साधन कर | ५८०००९९. |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ६००००००. | ८५५१५५१. | ११४५२पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १३३६८५४. |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ११०६०००००. | १९७४०००. | ११४७९अन्य मनोरञ्जन कर | ४९,४१६.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४००००००. | ५४२६२७६.७५ | ११६३२अखेटोपहारमा लाग्ने कर | ० |
| १४२२१ न्यायिक दस्तूर | ५०००००. | ४२,४००.०० | ११६९१अन्य कर | २८०६५३७. |
| १४२४१ पार्किङ्ग शुल्क | १००००००. | ० | १४१५१सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २९३८१९०.२५ |
| १४२४२ नक्सापास दस्तुर | २५००००००. | १११०८१८८.८१ | १४२१३अन्य बिक्रीबाट प्राप्त रकम | ० |
| १४२४३ सिफारिश दस्तुर | १५००००००. | ११८९६७४५.७ | १४२१९अन्य सेवा शुल्क तथा बिक्री | ८२७९०१८.९७ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १००००००. | १०१२४००. | १४२४१पार्किङ्ग शुल्क | २८,६७०.०० |
| १४२४९ अन्य दस्तुर | १३५००००००. | ३३६०००. | १४२४२नक्सापास दस्तुर | ९८११९२९.११ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००००. | ७१,४५०.०० | १४२४३सिफारिश दस्तुर | ३२०४०२४१.०५ |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ७४९८२४०.३१ | १४२४४व्यक्तिगत घटना दर्ता दस्तुर | ८५१५४९.०७ |
| १४६११ व्यवसाय कर | ३००००००००. | २१२२४१५२.५ | १४२४५नाता प्रमाणित दस्तुर | ७,६३५.०० |
| ३२१२२ बैंक मौज्दात | ११८९३२५८७. | १११२७२१०३.८७ | १४२४९अन्य दस्तुर | १५३०७८७३.४३ |
| ३३१४३ अन्य संस्थाहरूबाट ऋण प्राप्ति | २३४००००००. | ० | १४२५३व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५८६०३२०. |
| जम्मा | | २३७६२४४९७.५८ | १४३१२ प्रशासनिकदण्ड जरिवाना र जफत | ५९२०६०९.५ |
| | | | ११३१३सम्पती कर | १८७८८५८६.९१ |
| | | | ११३१४भुमिकर/मालपोत | ६७८२६०४.२ |
| | | | जम्मा | ३८७२३३२३२.९ |

३० **आय ठेक्कामा मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिकाले विज्ञापन कर वापत साईन हव प्रा.लि.वाट रु. ८२ लाख ७५ हजार असुल

गरेकोमा सोको मूल्य अभिवृद्धि कर रु. १० लाख ७५ हजार ७५० असुल गरी संधिय संचितकोष दाखिला गरेको देखिएन । उक्त रकम असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,७५,७५० |

३१ **उठ्न वाँकी भाडा**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा पालिकाले आफनो क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत वहाल कर लगाउने सक्ने उल्लेख छ ।पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न पसल कवल हाटबजार वहालमा लगायको सम्झौता अनुसार मासिक भाडा भुक्तानी गर्नुपर्ने तथा नगरेमा जरीवाना सहित असुल गर्नुपर्ने व्यवस्था रहेको छ ।सम्झौता वमोजिम निम्न व्यक्ति तथा संस्थाहरुले भाडा नवुझाई रु.१ करोड ६३ लाख ६९ हजार बक्यौता रहेको छ ।उक्त बक्यौता बाँकी सम्झौताको सर्त तथा कानुन अनुसार १० प्रतिशत जरीवाना सहित असुल गर्नुपर्ने रु १६३६९९७७

| क्र.सं. | नाम थार | स्थान | कोठा नं. | मांसिक बहाल रकम | जम्मा बक्यौता रकम |
|---|---|---|---|---|---|
| 1 | मोहम्मद जक्कि खान | सि न पा १ वेलहिया | भुई तला १ | २३६५५ | ११३८४५५ |
| 2 | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला २ | २२९९० | ३४०८७०७ |
| 3 | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला ३ | २४२०० | ३०९८८८ |
| 4 | सुमित प्रधान | सि न पा १ वेलहिया | भुई तला ४ | २५४१० | ३१४९४० |
| 5 | लालजी अहिर | सि न पा १ वेलहिया | भुई तला ५ | २५४१० | ७७२६५२ |
| 6 | मोहम्मद सफी रजा खान | सि न पा १ वेलहिया | भुई तला ६ | २२३६९.०५ | ४५७४३ |
| 7 | सुरेन्द्र कुमार क्षेत्री | सि न पा १ वेलहिया | भुई तला ७ | १९९६५ | ८७१४९३ |
| 8 | सिद्धार्थ सार्वजनिक यातायात प्रा.लि. | सि न पा १ वेलहिया | भुई तला ८ | १८१५० | ४६२७७६ |
| 9 | इरफान वारीस | सि न पा १ वेलहिया | भुई तला ९ | २८५०१.५५ | ९०७८४ |
| 10 | सृष्ती क्षेत्री | सि न पा १ वेलहिया | भुई तला १० | २५४१० | १२३४८७७ |
| 11 | मनोज कुमार गुप्ता | सि न पा १ वेलहिया | प्रथम तला १ | १५१२५ | ३७३६४३ |
| 12 | सोभित शाही | सि न पा १ वेलहिया | प्रथम तला ३ | ६२३१.५ | ९०९५०६ |
| 13 | पंकज उदास | सि न पा १ वेलहिया | प्रथम तला ४ | १५८५१ | ६७३६४ |
| 14 | सिरी भगवान गुप्ता | सि न पा १ वेलहिया | प्रथम तला ५ | १४६४१ | ५५८४५५ |
| 15 | अमर गुरुङ्ग | सि न पा १ वेलहिया | प्रथम तला ६ | १४६४१ | ७८७७७९ |
| 16 | अमर गुरुङ्ग | सि न पा १ वेलहिया | प्रथम तला ७ | ६१८३.८ | १९०८०३ |
| 17 | उत्तम पुन | सि न पा १ वेलहिया | वेलहियाको भवन | ३८५०० | ६७९७५० |
| 18 | दिपेन्द्र जानान्धर | सि न पा ५ हाट बजार | १ पुरानो भवन | ७७०० | २६९८३५ |
| 19 | रिन्कु गुप्ता | सि न पा ५ हाट बजार | ३ पुरानो भवन | ७७०० | ७७०० |
| 20 | रिन्कु गुप्ता | सि न पा ५ हाट बजार | ३, पुरानो भवन | ७७०० | ७७०० |
| 21 | सुरज धवल | सि न पा ५ हाट बजार | ४ पुरानो भवन | ७७०० | २६९०३८ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 22 | महेन्द्र कुमार अग्रहरी | सि न पा ५ हाट बजार | ५, पुरानो भवन | ७७०० | २३२९५ |
| 23 | जिवन जानन्धर | सि न पा ५ हाट बजार | ६ पुरानो भवन | ७७०० | २७११३८ |
| 24 | सिता कुमारी वि क गहतराज | सि न पा ५ हाट बजार | ७ पुरानो भवन | ७७०० | ७५४२५ |
| 25 | रोशनी थापा | सि न पा ५ हाट बजार | ७ पुरानो भवन | ४४०० | १५२०० |
| 26 | कृष्ण जिवन बर्मा | सि न पा ५ हाट बजार | पुरानो भवन | ४४०० | १९९६६४ |
| 27 | अर्जुन क्षेत्री | सि न पा ५ हाट बजार | १ नयां भवन | ९९२२ | ३५३०२५ |
| 28 | दिपक गुप्ता | सि न पा ५ हाट बजार | २ नयां भवन | १०७९२.१ | ४८६३६२ |
| 29 | सत्यजित सरकार | सि न पा ५ हाट बजार | ३ नयां भवन | ९८०२.१ | १४५४११ |
| 30 | सत्यजित सरकार | सि न पा ५ हाट बजार | ४, नयां भवन | ९८०२.१ | १६७४८३ |
| 31 | नईम मुसलमान | सि न पा ५ | कार्यालय अगाडी | १४३०० | ३१५६५५ |
| 32 | हलिम मुसलमान | सि न पा ५ | कार्यालय अगाडी | १४३०० | ३४००९९ |
| 33 | सन्तोष कुमार गौतम | सि न पा ५ | कार्यालय अगाडी | १४३०० | ७८३४४ |
| 34 | महबुब आलम | सि न पा ५ | कार्यालय अगाडी | १४३०० | ४३४०७८ |
| 35 | बदरुल अफाक | सि न पा ५ | कार्यालय अगाडी | ८२५० | ३३८२५ |
| 36 | शिव प्रसाद कलवार जैसवाल | सि न पा ५ | कार्यालय अगाडी | १८८१० | १७९१४० |
| 37 | अलाउदिन मुसलमान | सि न पा ५ | कार्यालय अगाडी | १४३०० | २२५९०० |
| 38 | विन्दु उपाध्याय | सि न पा ५ | कार्यालय अगाडी | १६५०० | २५४०४५ |
| | | जम्मा | | | १६३६९९७७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,६९,९७७ |

३२ **नगद राजश्व दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिला गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय

कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । पालिकामा देहाय वमोजिमका कर्मचारीहरुले उठाएको राजश्व रकम संचितकोष दाखिला गरेको देखिएन उक्त दाखिला वाँकी रकममा कानुनवमोजिम दाखिला हुने मिति सम्मको जरिवान सहित असुल गर्नुपर्ने रु.

| क्र म | कर्मचारीको नाम | पद | दाखिला गर्न वाँकी रु. | जरीवाना ८० भाद्र देखि ८१ आषाढ सम्मको | जम्मा |
|---|---|---|---|---|---|
| १ | अमित कुमार श्रेष्ठ वडा नं. ४ | अधिकृत छैटौ | ११८५८८० | १०८७०५ | १२९४५८५ |
| २ | अमित कुमार श्रेष्ठ वडा नं. ४ | अधिकृत छैटौ | ३४९७२५ | ३५०५८ | ३८१७८३ |
| ३ | मेक प्रसाद गुरुङ वडा नं. १३ | सहायक चौथो | २६२७८० | २४०८८ | २८६६६८ |
| | | | | जम्मा | १९,६३,०३६ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६१,२२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६३,०३६ |

### ३३ विज्ञापन करको बाडँफाँड

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा विज्ञापन करबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञापन करबाट रु. ८२ लाख ७५ हजार आम्दानी गरेकोमा विभाज्यकोष कोषमा दाखिला गरी आयको ४० प्रतिशत रु. १० लाख ७५ हजार ७५० प्रदेश सञ्चित कोषमा दाखिला गरेको छ ।

### ३४ सार्वजनिक निजी साझेदारी

सिद्धार्थनगर नगरपालिका अन्तरगत वडा नं. ६ स्थित वाल उद्यानलाई व्यवस्थित गरी सार्वजनिक नीजी साझेदारीमा संचालन गर्नका लागि २०७१।७२ मा वीस वर्षे अवधि (२०९१ सम्म) लागि प्रस्ताव माग गरीएको मध्ये शुभओम ईन्भेष्टमेन्ट कम्पनी प्रा. लि. (होटल पौवा) संग विभिन्न प्रकारका रु. १ करोड ३५ लाख बराबरका संरचना निर्माण गरी प्रति वर्ष पहिलो ५ वर्ष रु. १ लाख २५ हजार, दोस्रो ५ वर्ष रु. १ लाख ५० हजार, तेस्रो ५ वर्ष रु. १ लाख ७५ हजार तथा अन्तिम ५ वर्ष रु. २ लाखका दरले बुझाउने गरी सम्झौता भएको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन :

३४.१ सम्झौता वमोजिम भाडा भुक्तानी हुने दर वमोजिमको ५ वर्ष म्याद भएको बैक जमानी पेश गर्नुपर्ने व्यवस्था रहेको छ । सम्झौता वमोजिमको रकम वुझाए पनि दोस्रो ५ वर्षको रु. १ लाख ५० हजारको ५ वर्ष म्याद भएको बैक जमानी पेश भएको देखिएन । सम्झौताको शर्त वमोजिमको बैक जमानी पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

३४.२ वाल उद्यानपार्कको सम्झौता वमोजिम रु. १ करोड ३५ लाख वरावरको तोकिएको स्पेसिफिकेसन बमोजिम गुणस्तरीय संरचना निर्माण गर्ने उल्लेख भएकोमा सोको बराबरको संरचना निर्माण भएको प्राविधिक प्रतिवेदन पेश भएन । साथै उक्त संरचनाभित्र ३ वटा मात्र A/C युक्त कोठा वनाउने उल्लेख भएकोमा सो भन्दा धेरै ८ निर्माण भएकोमा पालिकावाट अनुमति दिएको नदेखिएको तथा वढी संरचना वनाई संचालन गरेकोमा सोको थप भाडा असुल गर्ने सम्वन्धमा कारवाही भएको देखिएन । साथै मिति २०८१।८।७ मा स्थलगत निरीक्षण गर्दा संरचनाहरु अस्थाई प्रकारका फलामे पोल प्रयोग गरी वनाईएको तथा वाल उद्यान पार्क सानो तथा थोरै रहेको धेरै स्थानमा पार्टि प्यालेस संचालन गरेको देखियो । सम्झौता वमोजिमको लागतको गुणस्तरीय संरचना निर्माण भएको एकिन गरी सम्झौता विपरित संचालन भएको अवस्थामा थप शुल्क असुल हुनुपर्दछ ।

### ३५ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड ४३ लाख ३० हजार सुविधा वापत भुक्तानी भएको छ । जुन सुविधा पालिकाको यस वर्षको आन्तरिक श्रोतको ६.१ प्रतिशत रहेको छ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष १३ जना | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ४७ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | ० | ० | १८७२००० | ६७२००० | १९७४००० | ४५१८००० |
| २ | टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ४६८००० | २८८००० | १४१०००० | २२६२००० |
| ३ | पुस्तक,पत्रीका,ईन्टरनेट | ६०००० | ६०००० | ६२४००० | २८८००० | ११२८००० | २१६०००० |
| ४ | जन सम्पर्क तथा विशेष सुविधा | १५६०००० | ९६००० | १०९२००० | ४८०००० | १६९२००० | ३५१६००० |
| ५ | अतिथि सत्कार | ८४००० | ७२००० | ९३६००० | - | - | १०९२००० |
| ६ | खानेपानी सरसफाई | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ७ | मर्मत संभार/ विधुत | ६०००० | ६०००० | - | - | - | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १५६००० | ८०००० | ३७६००० | ६४२००० |
| | जम्मा | ४८३००० | ४११००० | ५१४८००० | १८०८००० | ६५३३००० | १४४३०००० |

३६ **पदाधिकारी वैदेशिक भ्रमण**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ को दफा ९(१) मा पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्लाबाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा नबढ्ने गरी दैनिक तथा भ्रमण भत्ता पाउने उल्लेख छ । यसस्थानीय तहका प्रमुख सहित ६ जनाले संघीय सरकारको स्वीकृति वेगर भारत भ्रमण गरी रु. ५ लाख भुक्तानी गरेको छ । संघीय सरकारको स्वीकृत लिएर मात्र बैदेशिक भ्रमण गर्नुपर्दछ ।

३७ **स्वकीय सचिव तथा सल्लाहाकार कर्मचारी**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि पहिलो संशोधन ऐन २०७७ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने उल्लेख गरेको छ । नगर प्रमुखले सुविधा सम्वन्धी ऐन विपरीत स्वकीय सचिव एक तथा सरल्लाहाकारहरु ४ समेत ५ जना नियुक्त गरी रु. १५ लाख ३५ हजार खर्च लेखेको छ । अत : स्थानीय पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन विपरीत लेखेको खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,३५,०१० |

३८ **समायोजन ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१९१,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **दोहोरो भत्ता**

अतिरिक्त समय तथा विदाको दिन लगाएत थप काम गरेको अवस्थामा प्रोत्साहन भत्ता भुक्तानी भएकोमा सो अवधिमा अन्य भन्ता भुक्तानी गर्ने मिल्दैन । पालिकाले यस वर्ष निम्नानुसार कर्मचारीहरुलाई २०% प्रोत्साहन भत्ता उपलब्ध गराएकोमा २०८० पुष देखि २०८१ जेष्ठसम्म दोहोरो हुने गरी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु.

| कर्मचारी | २०% प्रोत्साहन भत्ता | थप भत्ता |
|---|---|---|
| राजकुमार बुढाथोकी | ३९४८० | ११९८५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२४,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३९,०१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२३,२०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३९,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३७,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,८४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९८५ |

### ४० **निर्वाचित पदाधिकारी बाट खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ वमोजिम पालिकाका निर्वाचित पदाधिकारीको कार्य योजना, बजेट तर्जुमा गर्ने, स्वीकृत गर्ने, समन्वय सहजिकरण लगाएतको कार्य गर्नेगरी तोकिएको छ । निर्वाचित पदाधिकारीले पेश्की लई वजेट कार्यान्वयन गर्न मिल्ने देखिदैन । तर पालिकाले निम्नानुसार भौचरबाट निर्वाचित पदाधिकारीहरुबाट भएको खर्च रु. ६ लाख १७ हजार ८१८ लेखेको पाइयो ।

| भौ नं। मिति | पदाधिकारी | कार्यक्रम | रकम |
|---|---|---|---|
| ६२८।०८०।१२।८ | वडा अध्यक्ष श्री पुरन प्रसाद श्रेष्ठ | नगर स्थापना दिवश | ३२५५५८। |
| १०७०।०८१।३।२१ | वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ्ग | खेलकुद प्रतियोगिता | २०२२६०। |
| ९७।०८०।६।१० | वडा सदस्य श्री सइद अहमद धुनिया | | ९००००। |
| | | जम्मा | ६१७८१८ |

उपरोक्तानुसार स्रेस्ता परीक्षण गर्दा ३ जना निर्वाचित पदाधिकारीहरुबाट आर्थिक कारोवारमा प्रत्यक्ष संलग्नता देखिएकोले अनियमित देखिएको रु.

| अनियमित भएको | ६,१७,८१८ |
|---|---|

४१ **गैरसरकारी संस्थाबाट कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धि तालीम, अभिमुखिकरण, सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउदा छिटो , छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रीया अपनाई त्यस्तो कार्य गराउन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार गैर सरकारी संस्थाहरुबाट कार्य गराएकोमा उक्त संस्थाहरुको स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रमा गर्न पाउने कार्य भन्दा फरक कार्य गराएको पाइएकोले उक्त कार्य गर्न पाउने आधार प्रमाण पेश हुनु पर्ने रु

| भौ नं। मिति | निकाय | गरेको कार्य | रकम | व्यवसायका कारोवारहरु |
|---|---|---|---|---|
| १०४०। ०८१।३। २० | स्माइल फाउन्डेशन नेपाल | सिलाई कटाई तालिम | १८००००। | अन्यत्र वर्गीकरण नगरीएका अन्य सदस्य संस्थाहरुका क्रियाकलापहरु । |
| ८६६। ०८१।२। २९ | ग्रीन फाउण्डेसन अफ नेपाल | आय आर्जन सीपमूलक कार्यक्रम अन्तर्गत अगरबत्ती मोमबत्ती बनाउने तालिम | १५९२००। | अन्य सामाजिक तथा सामुदायिक सेवाहरु |
| १०३०। ०८१।३। २० | विश्वास कलेज अफ टेक्निकल एजुकेशन एण्ड भोकेसनल ट्रेनिङ्ग प्रा लि | अगरबत्ती बनाउने तालिम | १५६८६२। | |
| ७१३। ०८१।१। १७ | वीर फाउण्डेशन नेपाल | उद्घोषण तालिम | ७९९९४। | |
| | | | ५७६०५६। | |

| प्रमाण पेश नगरेको | ५,७६,०५६ |
|---|---|

४२ **नापी कर्मचारी भत्ता**

४२.१ पालिकाले भौ नं. ३१।०८१।७।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ ३९ को उपनियम ५ अनुसार रकम भुक्तानी दिदाँ खर्च रकम पुष्टि हुने प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष गाँउ ब्लक नाप नक्सा कार्यको नापी कार्यालयका निम्नानुसार कर्मचारीहरुलाइ गाउँ ब्लक नाप नक्सा सम्बन्धि कार्य गरे वापत तलब स्केलको ५० देखि शत प्रतिशत तथा जिल्ला दररेट अनुसार रु. ३ लाख १२ हजार ५४० भत्ता तथा खाजा खर्च रु. १ लाख १० हजार गरी रु. ४ लाख २२ हजार भुक्तानी गरेको छ । यस्तो खर्च लेख्न पाउने आधार प्रमाण पेश हुनुपर्ने रु

| कर्मचारी | भाद्र र असोज भत्ता | खुद भुक्तानी (कर कट्टी पछि) | कैफियत |
|---|---|---|---|
| नि का प्र श्री सुग्रीव यादव | ६९९०२। | ५९४१६। | ८०% भत्ता |
| ना अ श्री सन्दिप ढकाल | ६९९०२। | ५९४१६। | ८०% भत्ता |
| सर्भेक्षक श्री दल बहादुर चौधरी | ३४७३०। | २९५२०। | ५०% भत्ता |
| अभिमन श्री मनोज चौधरी | ६५८०४। | ५५९३३। | १००% भत्ता |
| अमिन श्री सुर्य प्रसाद न्यौपाने | ३२९०२। | २७९६६। | ५०% भत्ता |
| फिल्ड सहयोगी श्री साधना काफ्ले | ३९३००। | ३३४०५। | जिल्ला दररेट अनुसार |
| जम्मा | ३१२५४०। | २६५६५९। | |

| प्रमाण पेश नगरेको | २,६५,६५९ |
|---|---|

४२.२ पालिकाले भौ नं ३३।०८०।७।२३ बाट गाउँ ब्लक नाप नक्सा सम्बन्धि कार्य गरे वापत अनिल कुमार यादव र श्री दिनेश यादवलाई रु ७३०८०। खर्च लेखेको खर्च लेख्न पाउने आधार प्रमाण पेश हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | ७३,०८० |
|---|---|

४२.३ पालिकाले यस वर्ष गाँउ ब्लयक नाप नक्सा सम्बन्धी कार्य गरेकोमा पूर्जा वितरण गरेको देखिन्छ । वितरण गर्न बाँकी पूर्जा समयमा वितरण गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

**४३ आत्म रक्षा तालिम**

पालिकाले भौ नं २३३।०८१।२।१७ बाट सगरमाथा क्लब रुपन्देहीलाई किशोरीहरुका लागि आत्म रक्षा तालिम संचालन बापत रु ५०००००। खर्च लेखेको पाइयो । सगरमाथा क्लबले पेश गरेको प्रस्तावनाको बुँदा नं ५ मा कार्यक्रम कार्यान्वयन गर्दा अपनाइने प्रक्रिया र क्रियाकलापहरुमा साधारण व्याम, आत्म सुरक्षाको लागि आवश्यक मौखिक तथा प्रदर्शनी गर्ने तथा सहभागीहरुलाई प्रयोगात्मक कक्षा संचालन गर्ने, प्रमाण पत्र वितरण तथा समापन कार्यक्रम गर्ने तथा बुँदा नं ६ मा कार्यक्रमको लक्ष्य र उद्वेश्यहरुमा नगरका १० सामुदायिक विद्यालयहरुका १००० किशोरीहरुलाई कार्यक्रमा सहभागी गराउने उल्लेख भएको देखिन्छ । उक्त तालिम कार्यक्रम २०८१।१।७ देखि ०८१।२।७ सम्म संचालन गरेता पनि उक्त अवधिको प्रशिक्षार्थीहरुको प्रमाणित हाजिर विवरण पेश भएको देखिदैन । उक्त क्लबले पेश गरेको विवरणमा १० वटा विद्यालयका ३३३ जना किशोरीहरुमात्र उपस्थिति देखिन्छ । यसबाट सम्झौता बमोजिम तालिम सम्पन्न भएको सम्वन्धमा एकीन गर्न सकिएन ।

४३.१ सम्झौता वमोजिम प्रशिक्षकको भत्ता भुक्तानी गर्दा निजहरुको हाजिरी पेश गर्नुपर्नेमा १० जना प्रशिक्षकको प्रति दिन रु. १ हजारका का दरले ३० दिनको रु. ३ लाख पारिश्रमिक भुक्तानी गरेकोमा प्रशिक्षकको हाजिर विवरण पेश नभएको हुनाले कार्यक्रम अनुसारको हाजिरी विवरण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,००,००० |
|---|---|

४३.२ रकम खर्च गर्दा स्वीकृत प्रस्तावको अधिनमा रही खर्च गर्नुपर्नेमा प्रस्तावनामा सहभागी खाजा खर्च वापत रु. ७५ हजार उल्लेख भएकोमा रु. १ लाख १५ हजार ५६० भुक्तानी भएको देखिन्छ । अत: प्रस्ताव भन्दा बढि खर्च लेखेको रकम असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४०,५६० |
|---|---|

४३.३ प्रमाण पत्र शिर्षकमामा प्रति प्रशिक्षार्थी रु.५५। का दरले १ हजार जनालाई रु.५५ हजार खर्च हुने प्रस्ताव गरेकोमा ३३३ जना मात्र प्रशिक्षार्थी सहभागी भएको देखिएकोले रु.१८ हजार ३१५। खर्च लेख्न पाउने देखिएकोले रु.३६ हजार ६८५। असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६८५ |

४३.४ सवोत्कृष्ट प्रशिक्षार्थी, अनुशासित प्रशिक्षार्थी र उत्कृष्ट सहभागि विद्यालय शिर्षकमा रु. ४२ हजार प्रस्ताव गरेकोमा क्लबले रु. ३९ हजार ७०० को ट्रफि खरिद गरेको बिल पेश भएता पनि सो कसलाई वितरण गरेको सोको मूल्यांकन सहितको आधार प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,७०० |

## ४४ कृषक सूचीकरण

भौ नं २८६।३।२२ बाट किसान सूचीकरण कार्यान्वयन कार्यविधिको बुँदा नं १९ मा किसान सूचीकरण कार्यान्वयन तथा समन्वय सम्पर्क व्यक्तिको भुमिका, छनौट सम्बन्धमा उल्लेख गरेको छ । पालिकाले सो अनुरुप सम्पर्क व्यक्ति छनौट गरेको पाइएन । साथै सोही कार्यविधिको बुँदा नं २० मा सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुविधामा किसान सूचीकरणको लागि ट्यावलेट तथा ल्यापटप उपलब्ध गराउन सकिने उल्लेख भएकोमा किसान सूचीकरण कार्यान्वयन तथा समन्वय सम्पर्क व्यक्ति छनौट नगरी पालिकाले १ थान ट्यावलेट तथा १ थान ल्यापटप खरिद वापत गरेको खर्च रु. १ लाख ९९ हजार ७८४ नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,९९,७८४ |

## ४५ औषधि खरिद

भौ नं २०५।०८१।२।२० पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्यसामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस वर्ष रु. १८ लाख १ हजार ९२५ को लागत अनुमान स्वीकृत गरी क्युरेक्स फर्मास्युटिकल प्रा. लि. बाट उत्पादित औषधीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको बजार दररेट तथा विक्रि मूल्य निर्धारण गरि प्रकाशित गरेको सूचनाको आधारमा उक्त कम्पनीको आधिकारिक विक्रेता श्री भीम देवी मेडिसिन सप्लायर्स क्षेत्रपाटीबाट ४० थरी औषधी खरिद गरेको देखिन्छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुलसिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति भएका औषधि सम्बन्धित विषय विज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

## ४६ स्वास्थ्य क्षेत्र सुधार योजना

२७।२०८१।०३।२२ मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुदाँ ४ अनुसार लाभग्राहीलाई मासिक ५ हजारका दरले ६ महिनाको रु. ३० हजार उपलव्ध गराउनुपर्नेमा देहायबमोजिमको लाभग्राहीलाई रु. ३५ हजारका दरले भुक्तानी गरेकोले रु. ५ हजार कार्यविधि भन्दा वढी भुक्तानी भएको छ । कार्यविधि विपरित भुक्तानी भएको अनियमित देखिएको रु. ४८००००

| क्र.सं | नाम | रकम | क्र.सं. | नाम | रकम |
|---|---|---|---|---|---|
| १ | अजय कुमार जैसवाल | ५००० | ४६ | भगवती कोइराला | ५००० |
| २ | अनषा सैजु | ५००० | ४७ | भुन कुमारी श्रेष्ठ | ५००० |
| ३ | अम्बिका प्रसाद घिमिरे | ५००० | ४८ | मेघ बहादुर मगर | ५००० |
| ४ | असिन गुरुङ | ५००० | ४९ | मुजिबुर रहमान | ५००० |
| ५ | आरति देवि चौवहानलोनिया | ५००० | ५० | मदन कुमार घले | ५००० |
| ६ | इन्द्र जित तेली | ५००० | ५१ | मन्जुदेवी मल्लिक | ५००० |
| ७ | इनामिन अन्सारी | ५००० | ५२ | मनिष भट्टराइ | ५००० |
| ८ | उज्वल जोसी | ५००० | ५३ | ममता मल्लाह | ५००० |
| ९ | उषा खनाल | ५००० | ५४ | मिलन वि.क. | ५००० |
| १० | एकता गुरुङ | ५००० | ५५ | मोहन मान श्रेष्ठ | ५००० |
| ११ | एलेक्सा ज्ञवाली | ५००० | ५६ | रेनुका सुवेदी | ५००० |
| १२ | कमल कान्त उपाध्याय | ५००० | ५७ | रमा पाण्डे | ५००० |
| १३ | कमला देव जिसी | ५००० | ५८ | राज कुमार जंग | ५००० |
| १४ | कमलावति लोनिया | ५००० | ५९ | राजु गुरुङ | ५००० |
| १५ | कल्पना थापा | ५००० | ६० | राधेश्याम बानिया | ४०००० |
| १६ | कृष्ण बहादुर श्रेष्ठ | ५००० | ६१ | राम कुमारी गुरुङ | ५००० |
| १७ | किरान कुमार गुरुङ | ५००० | ६२ | राम प्रसाद गुरुङ | ५००० |
| १८ | कौशल कर्ण | ५००० | ६३ | राम प्रसाद श्रेष्ठ | ५००० |
| १९ | खेलावन चाइ | ५००० | ६४ | रिखीराम आले | ५००० |
| २० | गिता देवी जैसवाल | ५००० | ६५ | रिता महजु | ५००० |
| २१ | चेतन राज पन्त | ५००० | ६६ | लक्ष्मी थापा | ५००० |
| २२ | चन्द्र बहादुर गुरुङ | ५००० | ६७ | लुद्र बहादुर थापा | ५००० |
| २३ | चन्द्रकला भण्डारी | ५००० | ६८ | विकास तामाङ | ५००० |
| २४ | चन्द्रमा कुमारी दहाल | ५००० | ६९ | विनोद थापा | ५००० |
| २५ | जनार्दन सिंह | ५००० | ७० | विष्णु माया तामाङ | ५००० |
| २६ | जुवेदा खान | ५००० | ७१ | श्रीधर राज शर्मा | ५००० |
| २७ | तोयानाथ भट्ट | ५००० | ७२ | श्रीमती लक्ष्मी शर्मा | ५००० |
| २८ | दुर्गा देवी जैसी | ५००० | ७३ | शुसिला कुमारी पाण्डेय | ५००० |
| २९ | दुर्गि कमिनी | ५००० | ७४ | शिव कुमारी हरिजन | ५००० |
| ३० | द्रोण प्रसाद लामिछाने | ५००० | ७५ | सज्जन राणा | ५००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | देवेन्द्र कुमार यादव | ५००० | ७६ | सजना कोहार | ५००० |
| ३२ | देवराज उपाध्याय | ५००० | ७७ | सजरुन निसा देवान | ५००० |
| ३३ | दिनेश कुमार सुनार | ५००० | ७८ | सुजिता गुरुङ | ५००० |
| ३४ | ध्रुब बहादुर क्षेत्री | ५००० | ७९ | सुर्दशन पन्त | ५००० |
| ३५ | धर्मेन्द्र प्रधान | ५००० | ८० | सन्त प्रसाद बरई | ५००० |
| ३६ | नैना थापा | ५००० | ८१ | सुमित सुनार सोनी | ५००० |
| ३७ | नारायण राज उपाध्याय | ५००० | ८२ | सरस्वती कुमारी गुरुङ | ५००० |
| ३८ | निमकला आचार्य | ५००० | ८३ | सरिता गुरुङ | ५००० |
| ३९ | निर्मला श्रेष्ठ | ५००० | ८४ | सलिम खान | ५००० |
| ४० | प्रभु दयाल हरिजन | ५००० | ८५ | सारदा ज्ञवाली | ५००० |
| ४१ | प्रमोद कुमारकहार | ५००० | ८६ | सिता कुमारी गुरुङ | ५००० |
| ४२ | प्रविन कुमार परियार | ५००० | ८७ | सिता दर्जि | ५००० |
| ४३ | पार्वती कोहार | ५००० | ८८ | सिरीमाया थापामगर | ५००० |
| ४४ | फुलमाया नेपाली | ५००० | ८९ | हरिकला खडका | ५००० |
| ४५ | बुद्धीराम भर | ५००० | | जम्मा | ४८०००० |

| | |
|---|---|
| अनियमित भएको | ४,८०,००० |

## ४७ स्यानिटरी प्याड

४७.१ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाले कोटेसनवाट बाट ३१२७२ थान स्यानिटरी प्याड रु. १० लाख ३१ हजार ८५० (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा नराखेको भण्डार निरीक्षणबाट दखियो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

४७.२ **वितरण भरपाई** -भौ नं १७४।०८१।१।१८ स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउनेगरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले यो वर्ष ३१,२७२ थान प्रति प्याड रु.३३। का दरले रु.१० लाख ३१ हजार ८५०। खर्च लेखि ११ विद्यालयहरुलाई वितरण गरेकोमा ६ वटा विद्यालयले ९ हजार २०७ थान सेनिटरी प्याड बुझेको भरपाइ पेश भएको देखिन्छ। अत: वितरण गरिएका सेनिटरी प्याड बुझेको प्रमाण पेश हुन बाँकी २२०६५ थानको रु.७ लाख २८ हजार ०५७ को वितरण प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२८,०५७ |

## ४८ शिक्षक दरवन्दि तथा विद्यार्थी

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । त्यस्तै विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० वमोजिम कम विद्यार्थी हुने विद्यालयलाई नजिकको वढी विद्यार्थी भएको विद्यालयमा गाभ्न सकिने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका १७ विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा विद्यालय समायोजन ऐन वमोजिम विद्यालयहरु समायोजन भएको छैन ।

| क्र सं | **विद्यालय** | **कुलविद्यार्थी** | **शिक्षकसंख्या** | **शिक्षकविद्यार्थी अनुपात** |
|---|---|---|---|---|
| 1 | बहिरा बाल मावि | १३८ | ७ | २०:१ |
| 2 | भैरहवा बाल मन्दिर आवि | १९ | १ | १९:१ |
| 3 | भैरहवा नमुना मावि | ५८२ | २३ | २६:१ |
| 4 | भानु मावि | ६०१ | १९ | ३२:१ |
| 5 | भुजौली आ वि | ११९ | ४ | ३०:१ |
| 6 | बिन्दावासिनी मिसुजु आवि | १०२ | ६ | १७:१ |
| 7 | खजाहना आवि | १३२ | १० | १४:१ |
| 8 | महात्मा बुद्ध मावि | ४१५ | १६ | २६:१ |
| 9 | मेउडिहवा आ वि | २१२ | ८ | २७:१ |
| १० | पक्लिहवा मावि | ४२९ | १६ | २७:१ |
| ११ | रुपन्देही लिलाराम न्यौ मावि | १११९ | २२ | ५०:१ |
| 12 | शान्तिबगैँचा आवि | २४२ | २ | १२१:१ |
| 13 | बेलहिया मावि | ४७९ | १२ | ४०:१ |
| 14 | नवदुर्गा मावि | ४९२ | ८ | ६२:१ |
| 15 | सुर्यदेव मावि | ५७६ | ५ | ११६:१ |
| 16 | सिद्धार्थ आ वि | ५९ | २ | ३०:१ |
| 17 | सुसंस्कृत मा वि | ६१९ | २४ | २६:१ |

उल्लेखित अनुसार १७ मध्ये ५ विद्यालयमा मात्र शिक्षक विद्यार्थी अनुपात वढी रहेको छ । अन्य १२ मा कम रहेको छ । पालिकागत तहगत रुपमा हेर्दा समेत शिक्षक विद्यार्थी अनुपात निम्नानुसार कम रहेको छ । कम विद्यार्थी भएका विद्यालयहरुलाई कानुन वमोजिम

समायोजन गरी विद्यालय संचालनलाई प्रभावकारी वनाउनुपर्दछ ।

| क्र सं | विद्यालयको तह | कुल विद्यालय | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | १७ | २९८८ | ९६ | ३२:१ |
| २ | नि.मा.वि. | १३ | १९४० | ४६ | ४२:१ |
| ३ | नि मा.वि | ११ | १४०७ | ४४ | ३२:१ |

४९ **क्याम्पसलाई अनुदान**

१२।८१।२।२९(पुँजिगत) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । त्यस्तै विद्यालय शिक्षामात्र स्थानीय सरकारको कार्यक्षेत्रमा पर्नेमा आफ्नो कार्यक्षेत्रमा नपर्ने रुपन्देही क्याम्पसलाई रु. ४ लाख ९९ हजार ६०० अनुदान दिएको छ । नगरपालिकाको कार्य क्षेत्र वाहिर क्याम्पसलाई अनुदान दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९९,६०० |

५० **दिवा खाजा**

नेपाल सरकार सशर्त अनुदान अन्तर्गत कार्यक्रम संचालन गर्नको लागि कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ अनुसार तोकिएका विद्यार्थीको दिवा खाजाका लागी विद्यालयलाई अनुदान शीर्षक बाट दिवा खाजा कार्यक्रम संचालन गर्नको लागि विद्यालयले माग गरेको गत शैक्षिक सत्रको विद्यार्थीहरुको उपस्थितीको आधारमा र कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए बमोजिम सम्बन्धित विद्यालयको खातामा अनुदान रकम निकासा दिनुपर्दछ । उक्त रकम खर्च गरेपछि सोको फाँटवारी तथा विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष दिवा खाजा वापत खर्च लेखेकोमा नमुना छनौटको आधारमा बढि निकासा भएको ४ वटा विद्यालयको स्रेस्ता परीक्षण गर्दा भानु मा. वि. मा रु. ५४४९८० निकासा भएकोमा रु. २६९४३० को मात्र विल भरपाई पेश भएको देखिएकोले विद्यालयवाट निकासा वमोजिम खर्चको फाँटवारी अनुगमन प्रतिवेदन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७५,५५० |

५१ **छात्रबृत्ति**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ का अनुसार सार्बजनिक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागि गैरआवासिय छात्रबृत्ति सम्बन्धि ब्यवस्था छ । सो ब्यवस्था अनुसार IEMIS मा प्रबिष्ट तथ्याङ्कको आधारमा बिद्यार्थी संख्या एकिन गरी बिद्यालयको खातामा छात्रबृत्ति बापतको रकम निकासा दिने र बिद्यालयले सम्बन्धित बिद्यार्थीलाइ छात्रबृत्ति रकम बुझाइ सोको भरपाई अभिलेख तयार गरी पालिकामा पेश गर्नुपर्दछ । पालिकाले भौ नं १५०।०८०।११।२९ बाट १७ वटा विद्यालयलाई रु. १२ लाख ६४ हजार ४०० छात्रबृत्ति वापत निकासा गरेकोमा नमुना छनौटको आधारमा ४ विद्यालयको परीक्षण गर्दा भैरहवा नमूना मा वि लाई रु. १ लाख ६ हजार ४०० निकासा भएकोमा २४९ जना विद्यार्थीलाई रु. ९९ हजार ६०० वितरण गरेको भरपाई पेश भएको देखिन्छ । अत: वितरण भरपाई पेश नभएको रु. ६८०० उक्त विद्यालयबाट फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

५२ **पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप न २.४.६.१ मा भएको ब्यवस्था अनुसार विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थापनको लागि कक्षा ११-१२ का लागि आर्थिक बर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो चौमासिकमा अनुदान दिने र यसरी अनुदान दिदा पहिलोपटकमा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने । शैक्षिक सत्रमा भएको नयाँ बिद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरीद र वितरण गरेको आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने

व्यवस्था रहेको छ । विद्यालयहरुको नमुना छनौटको आधारमा परीक्षण गर्दा निम्न बिद्यालयहरुलाई निकासा दिएको रकम भन्दा कम बितरण गरेको देखिएकाले बढी निकासा भएको रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालय | EMIS | निकासा | बढि रकम |
|---|---|---|---|
| भानु मा वि | ४२१०९३ | ४६५७८७। | ४४६९४। |
| रुपन्देही लिलाराम | १२३९७८८ | १२७६५३४। | ३६७४६। |
| सुसंस्कृत | ४०३०२२ | ४१५८२५। | १२८०३। |
| नव दुर्गा | २४९६२८ | २९३८१७। | ४४१८९। |
| | | जम्मा | १३८४३२। |

| असुल गर्नुपर्ने | १,३८,४३२ |
|---|---|

## ५३ बढि भुक्तानी

५३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने तथा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष हे स चा श्री दिलिप कुमार पाण्डेलाई अवकाश पछि विरामी बिदा रकम भुक्तानी गरेको स्रेस्ता परीक्षण गर्दा ३४ दिनको प्रति दिन रु १५२४। का दरले बिरामी विदा वापत रु ५१८१६। बढि भुक्तानी भएको पाइएकोले उक्त रकम असुल हुनु पर्ने रु

| असुल गर्नुपर्ने | ५१,८१६ |
|---|---|

५३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० अनुसार रकम भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न भए नभएको चेक जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार भौचरबाट बीमा तथा ल्याब टेष्ट वापत प्रोभिजनल सम रकम भुक्तानी हुँदा बिल भन्दा बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु. २९५००

| भौ नं। मिति | ठेक्का नं | निर्माण व्यवसायी | बिल रकम | भुक्तानी रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| ६७।०८०।११।३० | SNP/NCB-25/080/081 | बेलाल निर्माण सेवा | ११५०० | ३१५०० | २०००० |
| ६५।०८०।११।२९ | SNP/NCB-14/080/081 | शितला निर्माण सेवा | ६५९६३ | ७५४६३ | ९५०० |
| | | | | जम्मा | २९५०० |

| असुल गर्नुपर्ने | २९,५०० |
|---|---|

## ५४ विज्ञापन

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ क को उपदफा ३ र ४ वमोजिम विज्ञापन वापतको रकम भुक्तानी गर्दा भुक्तानी रकमको तिन प्रतिशत रकम कट्टा गरी विज्ञापन वोर्डको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। निम्नानुसार विज्ञापन वापत रकम भुक्तानी भएकोमा उक्त व्यवस्था वमोजिम कट्टा गरी वोर्डको खातामा दाखिला भएको नपाईएकोले असुल गरी सम्वन्धित खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| क्र.सं. | गो भौ नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | तिन प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | ३४।८०।१०।२३ | प्रशासन मिडीया ग्रुप | ४२२०० | ८४४ |
| २ | ११।८०।६।१७ | फ्युचर मिडीया प्रा.लि. | १०४४१२ | २०८८ |
| ३ | १०४।८०।१२।२८ | फ्युचर हव मिडीया मल्टि प्रपोज प्रा.लि. | १७७९७५ | ३५५९ |
| | | जम्मा | | ६४९१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४९१ |

५५ **तिज कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेउल्लेख छ । पालिकाले निम्नानुसार तिज कार्यक्रम संचालन वापत रु. ४ लाख ३३ हजार २९३ खर्च लेखेको पाइयो ।

| भौ नं।मिति | पदाधिकारी/कर्मचारी | रकम |
|---|---|---|
| १४९।०८०।६।१५ | श्री साव मोहमद | ७०३८०। |
| १५१।०८०।६।१५ | श्री प्रमोद कुमार चौवे | १३६५७३। |
| १७६।०८०।६।१८ | श्री धनेश चन्द्र गुरुङ्ग | ९००००। |
| २२४।०८०।७।२ | श्री सरस्वती श्रेष्ठ | ५००००। |
| २३१।०८०।७।१२ | श्री बन्दना उपाध्याय | ३१३४०। |
| २८८।०८०।७।२३ | श्री | ५५०००। |
| | जम्मा | ४३३२९३। |

अधिकांश तिज कार्यक्रम संचालनमा खाजा नास्ता बिल मात्र संलग्न गरी खर्च लेख्ने गरेको देखिन्छ । अत: यस प्रकारका संस्कृतिक कार्यक्रमहरु संचालन भएको खर्च पुष्टि हुने कार्यक्रम तालिका, स्थान, कार्यक्रम (गीत प्रतियोगिता, सम्मान आदि), उपस्थिति, बिल भरपाई आदि संलग्न राखि मितव्ययी तरिकामा खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५६ **अवलोकन भ्रमण - यस सम्बन्धमा देखिएका ब्यहोराहरु देहाय अनुसार छन् :**

५६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ ।त्यस्तै उत्पादनमुल तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाइ प्राथमिकता दिनुपर्ने पालिकाले जनप्रतिनिधि कर्मचारीको अवलोकन भ्रमणमा बजेट विनियोजन गरी खर्च लेखेको छ । पालिकाले निम्नानुसार भौचरबाट अवलोकन भ्रमण कार्यक्रममा रु१६८९४०२। खर्च लेखेको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| भौ नं।मिति | पदाधिकारी/कर्मचारी | रकम |
|---|---|---|
| ४३०।०८०।९।२२ | सचिव श्री प्रमोद कुमार चौवे | १७९७४० |
| ६७९।०८१।१।१० | श्री जमुना पौडेल | १८०००० |
| ६२९।०८०।१२।८ | श्री केशव प्रसाद पौडेल | २२१९५० |
| ८२०।०८१।२।२१ | श्री लक्ष्मण गिरी | १५८४६७ |
| ८६९।०८१।२।३१ | सहायक पाँचौ श्री विनोद कुमारण कर्ण | १००००० |
| ८९९।०८१।३।८ | सहायक पाँचौ श्री दिपक कुमार रौनियार | २४८२३५ |
| ९०१।०८१।३।८ | सहायक पाँचौ श्री धनेशचन्द्र गुरुङ | १४३३३१ |
| ८६१।०८१।२।२८ | वडा सदस्य कञ्चन थापा | १२४१७८ |
| ८८७।०८१।३।५ | कार्यपालिका सदस्य श्री विना ज्ञवाली | १९२५०१ |
| ९८६।०८१।३।१८ | कार्यपालिका सदस्य श्री सविता हरिजन | १४१००० |
| | जम्मा | १६८९४०२ |

उपरोक्तानुसार स्रेस्ता परीक्षण गर्दा ३ जना निर्वाचित पदाधिकारीहरुबाट आर्थिक कारोवारमा प्रत्येक्ष संलग्नता देखिएकोले अनियमित देखिएको रु. १२५०००

| | |
|---|---|
| अनियमित भएको | १,२५,००० |

५६.२ भौ नं ४३०।०८०।९।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न हुनुपर्नेमा इलाम लगायतको अवलोकन भ्रमण वापत रु. १ लाख ७९ हजार ७४० खर्च लेखेकोमा बिल भरपाई परीक्षण गर्दा गाडि भाडा, खाना, कोठा भाडाआदिको मात्र रु. १ लाख २५ हजार Jhalpa Travel Agency लाई नगद बुझेको भरपाई संलग्न राखि खर्च लेखेको पाइएकोले उक्त खर्च पुष्टि गर्ने बिजक पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,७४० |

५६.३ अवलोकन भ्रमण कार्यक्रमको स्पष्ट उद्देश्य, भ्रमण अवधी, स्थान, सहभागी मनोनयन, सहभागी संख्या, पाउने सुविधा, उपलब्धी र भ्रमण खर्च पुष्टि गर्ने प्रमाण कागजातसंलग्न हुने गरी एउटै किसिमको कार्यक्रम वडास्तरमा तथा पालिकास्तरमा नदोहोरिने किसिमले मितव्ययी र प्रभावकारी तरीकाले गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५७ **बैठक भत्ता**

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को बुदाँ ४ ग मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बस्ने बैठकमा बैठक भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था रहेको छ । नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले भौ. नं. २६।२०८१।०१।१८ बाट पालिका भित्रकै कर्मचारी सहभागी भई निम्नानुसार बैठक भत्ता लेखेको देखिन्छ । अत: एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बस्ने बैठक भत्ता असुल गर्नुपर्ने रु

| क्र.सं | नाम | भुक्तानी रकम |
|---|---|---|
| ८ | निर्मल थापा | १५३०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,३०० |

५८ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले घर/भवन नक्शा बनाउने सफ्टवेयर खरिद गरी रु. २५०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

५९ **क्रिकेट प्रतियोगिता**

पालिकाले निम्नानुसार भौचरबाट खेलकुद प्रतियोगिता संचालनमा रु. १४ लाख ८२ हजार १०१ खर्च लेखेको पाइयो । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| भौ नं।मिति | पदाधिकारी/कर्मचारी | रकम | प्रतियोगिता |
|---|---|---|---|
| ४१७।०८०।९।१६ | सहायक पाचौं श्री चुरामणी सारु | १५००००। | वडास्तरीय |
| ६९९।०८१।१।१२ | अधिकृत छैठौं बन्दना उपाध्याय | ८००००। | वडास्तरीय |
| ७९३।०८१।२।९ | सहायक पाचौं श्री भोला प्रसाद बरई | ५१८२०। | वडास्तरीय |
| ९००।०८१।३।८ | श्री बन्दना उपाध्याय | १०७४३९। | वडास्तरीय |
| ९०३।०८१।३।८ | सहायक पाचौं श्री दिपक कुमार रौनियार | ८९६८१। | वडास्तरीय |
| ७२४।०८१।१।२१ | | ५००००। | वडास्तरीय |
| ११९८।०८१।१।२७ | वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ्ग | ४९७७०८। | पालिकास्तरीय |
| ५२९।०८०।१०।२८ | वडा सदस्य श्री प्रविन जंग राणा | १४५०८६। | वडास्तरीय |
| ६९८।०८१।१।१० | वडा सदस्य श्री सईद अहमद धुनिया | १५००००। | वडास्तरीय |
| ७१२।०८१।१।१७ | वडा सदस्य श्री हरि बहादुर के सी | ९५४२०। | वडास्तरीय |
| ७७९।०८१।२।३ | वडा सदस्य श्री हरि प्रसाद आचार्य | ६४९४७। | वडास्तरीय |
| | **जम्मा** | **१४८२१०१।** | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ वमोजिम पालिकाका निर्वाचित पदाधिकारीको कार्य योजना, बजेट तर्जुमा गर्ने, स्वीकृत गर्ने, समन्वय सहजिकरण लगाएतको कार्य गर्नेगरी तोकिएको छ । निर्वाचित पदाधिकारीले पेश्की लिई वजेट कार्यान्वियन गर्न मिल्ने देखिदैन । उपरोक्तानुसार ५ जना निर्वाचित पदाधिकारीहरु आर्थिक कारोवारमा प्रत्यक्ष संलग्नता देखिएकोले अनियमित रु.

| अनियमित भएको | ९,५३,१६१ |
|---|---|

६० **तालिम नर्म्स**

तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरुले आ आफ्नो खर्चको मापदण्ड, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वियनमा रहेको देखिन्छ । हाल प्रयोगमा रहेको कार्यसंचालन निर्देशिका २०७७ (संघ), सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रदेश) तथा पालिकास्तरमा स्वीकृत गरेको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा निम्नानुसार खर्च शिर्षकहरुमा भिन्नता रहेको पाइएकोले सो सम्बन्धमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

| विवरण | कार्यसंचालन निर्देशिका २०७७ (संघीय) | सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रादेशिक) | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका (पालिकास्तर) | कैफियत |
|---|---|---|---|---|
| प्रशिक्षक भत्ता (प्रवचन र कार्यपत्र समेत) | १३००-२२०० | अधिकतमरु३५००। | अधिकतम रु३४००। | सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाइने छैन । तर कार्यपत्र वापतको रकम पाउनेछभन्ने व्यहोरा पालिकासतर निर्देशिकामा हटाइएको र प्रवचन समेतको भुक्तानी गरिएको । |
| तालिम संयोजक भत्ता | ३००-५०० | १००० | १००० | |
| सहयोगी भत्ता | १५० | ५०० | ५०० | |
| सहभागी भत्ता | ० | | ८०० | |
| प्रतिवेदन | १००० | १००० | १००० | |
| प्रस्तावना | ० | ० | १००० | |
| अध्यक्षता | ० | ० | १५०० | |
| अनुगमन | ० | ० | १००० | |
| खाजा खाना | २०० | ३००<br>७०० | ३५०<br>८०० | |
| मसलन्द सामाग्री | ५०-१०० | १०० | १०० | |

पालिकाले यस वर्ष संचालन गरेको विभिन्न कार्यक्रम तथा तालिम सबैमा अध्यक्ष भत्ता (१ जना रु १५००), कार्यक्रम अनुगमन अधिकृतस्तर (२ जना प्रति व्यक्ति रु. १५००) र कार्यक्रम अनुगमन सहायकस्तर (२ जना प्रति व्यक्ति रु. १२००), १ दिने तालिममा समेत सहभागी भत्ता (तालिममा सहभागीहरुलाई प्रति व्यक्ति रु. ८००) वापत खर्च लेखेको पाइयो । संघीय तथा प्रदेश कानूनमा व्यवस्था नभएको यस प्रकारको खर्च नियन्त्रण हुनुपर्दछ ।

## ६१ कम्प्युटर तालिम

पालिकाले भौ नं ११३७।०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले २ महिना १५ दिनको कम्प्युटर तालिम संचालन वापत वडा अध्यक्ष श्री पुरन प्रसाद श्रेष्ठलाई रु. ९९ हजार १९५। खर्च लेखेकोमा तालिम संचालन गर्ने विश्वास कलेज अफ टेक्निकल एजुकेशन एण्ड भोकेसनल ट्रेनिङ्ग प्रा.लि.वाट संचालन भएकोमा उक्त तालिम कहिले सम्पन्न भएको, प्रशिक्षार्थीहरुको रुजु हाजिर, तालिम प्रमाण पत्र र सो संस्थाबाट जारी भएको कर विजक पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,१९५ |

## ६२ अधुरो ठेक्का

६२.१ ठेक्का अवधिभित्र ठेक्काको कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नगरी निर्माण कार्य अधुरो रहेको देखिन्छ । निर्माण व्यवसायीहरुले कार्यतालिका र सम्झौता अनुसार काम नगर्ने वा बीचमा कार्य छाडने गरेको कारण ठेक्काहरु अधुरा भएका छन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ तथासार्वजिनक खरिद नियमावली, २०६४ को नियम १२०(११), १२१ र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ती गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने र अन्य कारवाही समेत गर्ने व्यवस्था छ । पालिका अन्तरगत कमर्सियल साउथपार्ट ब्लक (वि) निर्माण कार्यका लागि आर्थिक वर्ष २०७७।७८ मा रु. २४ करोड २७ लाख ४८ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र गरेकोमा रु. १६ करोड ३८ लाख १७ हजार कबुल गर्ने विकाश एण्ड आत्रेय वस्नेत जे.भी. संग २०७९ बैशाख २९ सम्म कार्यसम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा गत वर्ष सम्म रु. ६ करोड ६४ लाख ४८ हजार ४०१ भुक्तानी भई स्ट्रक्चरको माथिल्लो एक तला वाहेकको काम मात्र भएको छ । निर्माण कार्य कार्यतालिका अनुसार नगरेकोमा यो वर्ष पेश्की जमानत जफत गरेको तथा २०८०।२।३२ सम्म निर्माण कार्य गर्ने पटक पटक पत्राचार गरेकोमा निर्माण कार्य सुचारु गरेको देखिएन । खरिद सम्झौता वमोजिम काम नगरेकोमा कार्यालयले खरिद सम्झौताका व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण ठेक्काको काम अधुरो रहेको छ । अत: निर्माण व्यवसायीवाट खरिद सम्झौताको शर्त वमोजिम अधिकतम दश प्रतिशतले हुन आउने रु. १ करोड ४४ लाख ९७ हजार ०७९ पूर्वनिर्धारित क्षतिपुर्ती असुल गरी निर्माण कार्य सम्पन्न हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,९७,०७९ |

६२.२ **पेश्की जमानत जफत-** निर्माण व्यवसायीसंग गरेको खरिद सम्झौताको विशेष शर्तमा लिने दिने ब्याजदर दश प्रतिशत तोकेको छ । खरिद सम्झौता र कार्यतालिका वमोजिम निर्माण कार्य नगरेको तथा लामो समय सम्म निर्माण कार्य नगरेकोमा पेश्की जमानत जफत गर्दा व्याज असुली गरेको छैन । अत: निर्माण व्यवसायीलाई दिएको पेश्की वाँकी यो वर्ष जफत गरी २०८१।३।१० मा फस्र्यौट भएकोले रु. ६४ लाख ७० हजार सोको एक वर्षको रु. ६ लाख ४७ हजारको दरले दुई वर्षको रु. १२ लाख ९४ समेत असुली हुने दिन सम्मको ब्याज असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९४,००० |

६३ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको परामर्श सेवा लिएको देखिन्छ ।

| क्र सं. | भौचर नं र मिति | विवरण | परामर्सदाता | भुक्तानी रकम | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|---|
| १ | १८९। ८१।३। १७ | प्रशासनिक भवनको ईन्टेरियर डिजाईन | अनन्त डिजाईन सोलुसन | १७९९५०७ | निर्माण कार्य भई रहेको |
| २ | १८८। ८१।३। १७ | विपद प्रति कार्य योजना | डेल्कन ईन्टरनेसनल | ४९०४२० | स्वीकृत भई कार्यान्वयनमा नआएको |
| ३ | १८७। ८१।३। १७ | पिरियोडिक प्लान | अलेना ईन्टरनेसनल | १९६३६०१ | स्वीकृत भई कार्यान्वयनमा नआएको |
| ४ | २१९। ८१।३। २१ | Climate resilience plan | नमस्ते कपिलवस्तु सोलुसन | ३९३५०० | स्वीकृत भई कार्यान्वयनमा नआएको |
| ५ | ९९। ०८१।१। १६ | Consulting Service of Chat Pokhari at ward no 5 & Landscapy of Pedestrain Bridge of Buddha Chowk | बुटवल बिल्डर्स एण्ड कन्सल्ट्यान्ट प्रालि | ४९५५०५ | स्वीकृत भई कार्यान्वयनमा नआएको |
| | | जम्मा | | ४४४७९०३ | |

६३.१ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नम्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

६३.२ **विज्ञको उपस्थिति** - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

६३.३ **अभिलेख** - परामर्शसेवा तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरो पना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

६३.४ **प्रतिस्पर्धा** - पालिकाले उल्लेखित कार्यको लागि लागत अनुमान स्वीकृत गरी एउटै पत्रमा सबै परामर्शदाताहरुको नाम उल्लेख गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरेकोमा प्राप्त गरी सोही अनुसार खरिद गरेको छ । एउटै पत्रवाट प्रस्ताव माग गर्दा प्रतिस्पर्धा प्रभावित हुन सक्ने हुदाँ छुट्टा छुटै पत्रवाट प्रस्ताव माग गरी परामर्श सेवा लिनुपर्दछ ।

६३.५ **कार्यान्वयन** - आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि कार्यान्वयनमा आउनुपर्दछ । उल्लेखित अनुसार क्रसंख्या २,३,४ र ५ को डी. पि.आर. तथा विभिन्न परामर्श सेवाको उयोगको सुनिश्चितता तथा कार्यान्वयनमा नआएकोले उपयोग भएको नदेखिएकोले पालिकालाई अनावश्यक व्ययभार पर्ने गरी कार्य भएको रु.

| अनियमित भएको | ५०,४२,२१७ |
|---|---|

६३.६ **सम्भाव्यता अध्ययन/डि.पि.आर** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदाँ गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम् कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

६४ **नन् फाइलर - कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट देहायका आपुर्तिकर्तालाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु आय बिबरण तथा मु.अ. कर विवरण नबुझाई मु.अ.कर तथा आय करमा नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले आय बिबरण तथा मुल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.

| भौ नं। मिति | ठेक्का नं | निकाय | बिल रकम | मू अ कर भुक्तानी |
|---|---|---|---|---|
| ६९।०८०।१२।८ | SNP/NCB-22/080/081 | क्रान्ती निर्माण सेवा ३०४७१२८४७ | १२५४२१०। | १४४२९० |
| १३४।०८१।३।१४ | SNP/NCB-22/080/081 | क्रान्ती निर्माण सेवा ३०४७१२८४७ | ५८०७५४। | ६६८१२ |
| ६४।०८०।११।२९ | SNP/SQ-07/080/081 | क्रान्ती निर्माण सेवा ३०४७१२८४७ | ९२७५६१। | १०६७१० |
| ११७।०८१।२।१७ | SNP/SQ-07/080/081 | क्रान्ती निर्माण सेवा ३०४७१२८४७ | ४४८१५। | ५१५५ |
| १४७।०८१।२।१७ | SNP/SQ-07/080/081 | क्रान्ती निर्माण सेवा ३०४७१२८४७ | ९६६५३५। | १११९९४ |
| | | | जम्मा | ४३४१६१ |

| प्रमाण पेश नगरेको | ४,३४,१६१ |
|---|---|

६५ **अन्य कार्यालयको खर्च**

आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिल्ला प्रशासन कार्यालय परिसर भित्र संरचना निर्माण गरी रु. १५ लाख ४९ हजार ६८४ भुक्तानी खर्च गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | गो भौ नं. र मिति | कामको विवरण | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०२।२०८०।१२।१७ | अतिथिगृह मर्मत | लुम्वी वुद्ध कन्ट्रक्सन | ९७२८५० |
| २ | २०६।८१।३।१९ | प्रतिक्षालय निर्माण | प्रितम वील्डर्स | ५७६८३४ |
| | | जम्मा | | १५४९६८४ |

| अनियमित भएको | १५,४९,६८४ |
|---|---|

६६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन । । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ । सोझै खरिद गरेको उदारण निम्न छन :

| क्र सं. | भौचर नं र मिति | विवरण | निर्माणव्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| | | गत आर्थिक वर्षको वाँकी | | |
| १ | ३६।८०।११।२९ | वुद्ध मा.वि. भौतिक पुर्वाधार नि. | शैलेश निर्माण सेवा | ९४४७५८ |
| २ | १९।८०।८।१९ | विभिन्न निर्माण कार्य | न्यु कालिका निर्माण सेवा | ९६८३११ |
| ३ | ५२।८१।२।२३ | दुर्गा मन्दिर निर्माण | अनुराधा कन्ट्रक्सन | ९८४६२६ |
| ४ | ४७।८१।१।९ | सामुदायिक भवन निर्माण | वेताल निर्माण सेवा | ५७४७२७ |
| | | यो वर्षको कार्यक्रमको | | |
| ५ | २७।३।२३ | पकलिहवा मा.वि.मा खानेपानी शौचालय | आर्टिस्टिक ईन्जीनयिरिङ | ७७०७१९ |
| ६ | १६।८०।६।२३ | विभिन्न वडाहरुमा ग्राभेल | शैनामैना कन्ट्रक्सन | ९६३९६२ |
| ७ | ३५।८०।९।२२ | विभिन्न वडाहरुमा ग्राभेल | वाराही निर्माण सेवा | ९८६१६१ |
| ८ | ७९।८०।१२।७ | लिलाराममा.वि.मा विभिन्न निर्माण | शितला निर्माण सेवा | ९२१२७५ |
| ९ | २६।८१।३।२३ | शौचालय लिलाराम मा.वि. | लक्ष्य निर्माण सेवा | ६०२०९१ |
| १० | ८२।८०।१२।१४ | नालीहरुमा ड्रेन तथा स्ल्याव | एस.एस.नि.से | ७८७६६३ |
| ११ | १७५।८१।३।११ | विभिन्न निर्माण | दुर्गम विकास निर्माण सेवा | ९६९६०७ |
| १२ | २२३।८१।३।२१ | दुर्गा मन्दिर निर्माण | एभरेष्ट निर्माण सेवा | ९०४५६३ |
| | जम्मा | | | १०३७८४६३ |

उल्लेखित अनुसार क्रम संख्या ९ र १० को लिलाराम मा.वि.को शौचालय निर्माण तथा अन्य निर्माण यस वर्ष वजेट तथा कार्यक्रममा समावेश भएको भए पनि दुई टुक्रा वनाई खरिद गरेको छ । यसरी प्रतिस्पर्धात्मक खरिद गर्नुपर्नेमा खरिद नियम कानून विपरित खरिद भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,११,४१६ |

६७ **मूल्य अभिवृद्धि कर**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(ग) १ वमोजिम आपुर्ति हुने वस्तु तथा सेवाको वापत करार वमोजिम भुक्तानी हुने रकमको मूल्य अभिवृद्धिकरको तिस प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा दाखिला गरी वाँकी रकम भुक्तानी गर्नुपर्नेमा कट्टा नगरी निम्नानुसार सवै रकम भुक्तानी भएको पाईएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| क्र.सं. | गो भौ नं. र मिति | फर्मको नाम | मु. अ. कर रकम | तिस प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| १ | ९८।८०।१२।२५ | पटवा लाईट हाउस | ५५२०५० | १६५६१५ |
| २ | १०४०।०८१।३।२० | स्माइल फाउन्डेशन नेपाल | २०७०८। | ६२१२ |
| ३ | ८६६।०८१।२।२९ | ग्रीन फाउण्डेसन अफ नेपाल | १८३१५। | ५४९५ |
| ४ | १०३०।०८१।३।२० | विश्वास कलेज अफ टेक्निकल एजुकेशन एण्ड भोकेसनल ट्रेनिङ्ग प्रा लि | १८०४६। | ५४१४ |
| ५ | ७१३।०८१।१।१७ | वीर फाउण्डेशन नेपाल | ९२०३। | २७६० |
| | | जम्मा | | १८५४९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,४९६ |

## ६८ कर विजक

मुल्य अभिवृद्धि कर विजक मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७(२) वमोजिमको कर विजक जारी गर्नुपर्ने व्यवस्था भए पनि निम्नानुसारका फर्महरुले जारी गरेको विजक नियमावलीले तोके वमोजिमको (विजक नं नभएको, कम्प्युटर प्रिन्ट कपि च्यातेर राखेको) नदेखिएकोले उक्त भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु. १२ लाख ७८ हजार ४०० मा तिस प्रतिशतले हुन आउने रु. ३ लाख ८३ हजार ३२० कटाई रु. ८ लाख ९४ हजार ८८० को मूल्य अभिवृद्धि कर समायोजन पेश हुनुपर्ने रु.

| क्र.सं. | गो भौ नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| १ | ८।८१।१।२५ | सर्वश्री कन्ट्रक्सन | १६४६२१६ | 189387.68 |
| | ११६।८१।१।२५ | सर्वश्री कन्ट्रक्सन | १५०००००० | 172566.37 |
| | २१।८१।३।२२ | सर्वश्री कन्ट्रक्सन | ३२३३३५८ | 371979.24 |
| | २२०।८१।३।२२ | सर्वश्री कन्ट्रक्सन | ६७२००० | 77309.73 |
| | | | ७०५१५७४ | 811243.03 |
| २ | १२३।८१।२।२३ | सक्षम कन्ट्रक्सन | ३१०८०३० | ३५७५६० |
| ३ | ७८।०८०।१२।१५ | सक्षम कन्स्ट्रक्सन | ११५४८४० | १३२८५८ |
| ४ | ६६।०८०।११।२९ | दोर्जे कन्स्ट्रक्सन ६१९३०८३४२ | १५००००। | १७२५७ |
| ५ | १४६।०८१।०३।१४ | ओम साई कन्सट्रक्सन | ८४३०५३ | १०९५९७ |
| | | जम्मा | | १२७८४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९४,८८० |

## ६९ अधुरा ठेक्काको कार्य स्वीकार

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। सो व्यवस्था अनुसार यस योजना/कार्यालयले तपिशल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ। अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नुपर्दछ ।

(रु.हजारमा)

| भौचर नं. र मिति | निर्माण कार्य | निर्माण व्यवसायी | ठेक्का अंक | भुक्तानी | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| ४२।८०।१२।१६ | वडा नं.६ को कार्यालयभवन निर्माण | गैगोत्री निर्माण सेवा | ८७१४ | ६७५० | ७७.०४ |

## ७० ठेक्का सम्झौताको पालना

खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस कार्यालयले रु. २० करोड ५४ लाख ८६ हजारको कामका ४९ ठेक्का सम्झौताको काम गराउँदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धि विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ । यसबाट ठेक्काको समय र लागत वढ्न जान्छ । ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वियनमा आएका छैनन् । सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउन ठेक्का कार्यान्वियन गर्ने पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ ।

## ७१ बीमा

३९।८०।९।२३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु. २० लाख भन्दा वढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन/औजार, कामदार, निर्माण कार्यको मर्मत अवधि समेत खाम्ने गरी वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष ठेक्का लगाएको मध्ये वडा नं १० को ड्रेन निर्माण कार्यको रु. २४ लाख ४७ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र मार्फत आर.एन.ए. कन्स्ट्रक्सन सँग रु. १७ लाख ५५ हजारमा २०८०।७।१४ मा २०८०।१२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा २०८०।९।१७ भित्र कार्य सम्पन्न भएकोमा २०८०।९।१७ देखि २०८०।१२।१५ सम्मको वीमा गराई रु. ५९ हजार २ सय भुक्तानी भएको देखिन्छ । निर्माण कार्यअवधिको समेतको वीमा गराउनुपर्नेमा कार्य सम्पन्न भए पछि वीमा गराएको देखिएकोले खरिद कानुन तथा खरिद सम्झौता विपरित भएको वीमाको भुक्तानी असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,२०० |

## ७२ ठेक्काको म्याद थप

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् । उक्त व्यवस्थाको सट्टा खरिद ऐनको उक्त व्यवस्था विपरित सम्झौता वाहेकका कारणहरु देखाइ एकमुष्ठ रुपले म्याद थप गरेको छ । पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः म्याद थप पनि गर्ने गरेको छ । तपसिलका ठेक्काहरुमा निर्माण व्यवसयीलाई सम्झौता विपरीत म्याद थपको सुविधा दिने तर खरिद कानुन र सम्झौता अनुसार ठेक्का सम्पन्न नभएका कारण ठेक्काहरुको म्याद बढ्दै गई अधुरा ठेक्काहरुको संख्या बढेको र सेवाग्राहीले प्रतिफल प्राप्त गर्न नसकेको अवस्था सृजना भएको छ । कार्य योजना अनुसार कार्य नगर्ने व्यवसायी र जिम्मेवार पदाधिकारी लाई कारबाही गर्नुपर्दछ ।

| क्र. सं. | ठेक्का नं. | निर्माण व्यवसायी | संझौता मिति | शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पछी सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | यो वर्ष सम्मको भुक्तानी | भौतिक प्रगति | म्याद थप |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/SQ-13/080/081 | आरफा कन्स्ट्रक्सन, काठमाण्डौ-३१ | 2080.11.22 | 2081.02.31 | 2081.8.30 | 1,302,272.06 | - | 0.00 | सतप्रतिसत भन्दा वढी थप |
| 2 | SNP/SQ-14/080/081 | बेलाल निर्माण सेवा, सि.न.पा.-६ | 2081.01.21 | 2081.03.15 | 2081.07.30 | 1,352,616.97 | 325,225.37 | 26.06 | सतप्रतिसत भन्दा वढी थप |
| 3 | SNP/SQ-18/080/081 | शैलेश निर्माण सेवा, सक्रौन पकडी–३ | 2081.02.24 | 2081.03.20 | 2081.6.30 | 968,003.12 | 595,603.97 | 61.35 | सतप्रतिसत भन्दा वढी थप |
| 4 | SNP/SQ-20/080/081 | बेलाल निर्माण सेवा, सि.न.पा.-६ | 2081.02.29 | 2081.03.20 | 2081.6.30 | 1,031,557.12 | - | | सतप्रतिसत भन्दा वढी थप |
| 5 | SNP/SQ-21/080/081 | प्रतिभा एण्ड प्रमोद कन्स्ट्रक्सन एण्ड सप्लायर्स, | 2081.02.24 | 2081.03.20 | 2081.6.30 | 689,644.65 | - | 0.00 | सतप्रतिसत भन्दा वढी थप |
| 6 | SNP/SQ-24/080/081 | बेलाल निर्माण सेवा, सि.न.पा.-६ | 2081.02.23 | 2081.03.15 | 2081.7.30 | 863,445.64 | 772,668.20 | 0.00 | सतप्रतिसत भन्दा वढी थप |
| 7 | SNP/SQ-26/080/081 | विशाल निर्माण सेवा, मायादेवी-७ | 2081.02.25 | 2081.03.20 | 2081.6.30 | 1,193,234.20 | 648,168.78 | 52.58 | सतप्रतिसत भन्दा वढी थप |
| 8 | SNP/SQ-28/080/081 | राईजिङ्ग सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स | 2081.02.22 | 2081.03.20 | 2081.9.29 | 1,602,636.33 | 935,105.74 | 59.25 | सतप्रतिसत भन्दा वढी थप |
| 9 | SNP/SQ-29/080/081 | ओम साई कन्स्ट्रक्सन, बसन्तपुर–४ | 2081.02.21 | 2081.03.20 | 2081.6.30 | 1,374,244.98 | | | सतप्रतिसत भन्दा वढी थप |
| 10 | SNP/SQ-32/080/081 | एम.आर.एम. कन्स्ट्रक्सन, बुटवल | 2081.02.27 | 2081.03.24 | 2081.8.30 | 1,447,701.23 | | | सतप्रतिसत भन्दा वढी थप |
| 11 | SNP/SQ-33/080/081 | क्रान्ति निर्माण सेवा, सि. न.पा.-२ | 2081.03.04 | 2081.03.24 | 2081.9.29 | 1,500,668.68 | | | सतप्रतिसत भन्दा वढी थप |
| 12 | SNP/SQ-34/080/081 | प्रितम विल्डर्स, सि.न.पा.-४ | 2081.03.04 | 2081.03.24 | 2081.9.29 | 1,824,950.00 | 374,101.56 | 20.90 | सतप्रतिसत भन्दा वढी थप |
| 13 | SNP/NCB-18/080/081 | ओम कन्स्ट्रक्सन | 2080.08.26 | 2081.01.16 | 2081.7.30 | 2,083,105.89 | 637,524.72 | 32.24 | सतप्रतिसत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | भन्दा वढी थप |
| 14 | SNP/NCB-23/080/081 | वैष्णवी निर्माण सेवा, रोहिणी-१ | 2080.09.05 | 2081.01.14 | 2081.8.20 | 2,048,759.59 | 1,448,158.17 | 71.93 | सतप्रतिसत भन्दा वढी थप |
| 15 | SNP/NCB-30/080/081 | बेलाल निर्माण सेवा, सि.न.पा.-६ | 2080.11.22 | 2081.02.30 | 2081.8.20 | 3,402,545.30 | 1,746,573.87 | 54.63 | सतप्रतिसत भन्दा वढी थप |
| 16 | SNP/NCB-32/080/081 | ओम साई कन्स्ट्रक्सन, बसन्तपुर–४ | 2080.11.27 | 2081.02.10 | 2081.6.30 | 3,386,796.79 | 2,626,391.59 | 76.85 | सतप्रतिसत भन्दा वढी थप |
| 17 | SNP/NCB-34/080/081 | शैलेश निर्माण सेवा, मायादेवी-५ | 2080.12.13 | 2081.02.31 | 2081.8.20 | 3,033,488.12 | 1,386,945.05 | 49.23 | सतप्रतिसत भन्दा वढी थप |
| 18 | SNP/NCB-41/080/081 | पारस निर्माण सेवा, खा.न.पा.-११, कालिकोट | 2081.02.02 | 2081.03.15 | 2081.6.30 | 6,195,613.35 | 2,467,211.99 | 42.44 | सतप्रतिसत भन्दा वढी थप |
| 19 | SNP/NCB-42/080/081 | लुम्बिनी स्टेट कन्स्ट्रक्सन कन्सल्ट टेस्टींग सप्लायर्स प्रा.लि. | 2081.01.30 | 2081.03.15 | 2081.8.30 | 5,536,303.81 | 2,278,560.58 | 41.06 | सतप्रतिसत भन्दा वढी थप |
| 20 | SNP/NCB-44/080/081 | सितला निर्माण सेवा, सि.न.पा.-९ | 2081.01.30 | 2081.03.15 | 2081.8.20 | 3,990,057.44 | - | 0.00 | सतप्रतिसत भन्दा वढी थप |
| 21 | SNP/NCB-46/080/081 | बेलाल निर्माण सेवा, सि.न.पा.-६ | 2081.02.20 | 2081.03.15 | 2081.6.30 | 1,823,560.26 | 1,060,038.42 | 58.83 | सतप्रतिसत भन्दा वढी थप |
| 22 | SNP/NCB-47/080/081 | रोजर निर्माण सेवा, सि.न.पा.-२ | 2081.02.07 | 2081.03.15 | 2081.8.20 | 3,056,856.55 | | | सतप्रतिसत भन्दा वढी थप |

कार्यतालिकाको विधिवत अभिलेख र अनुगमन अभावमा म्यादथप गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिएको अवस्था रहेको देखियो । ठेक्का सम्झौताको शर्त वमोजिम कार्यतालिका स्वीकृत गरी सो वमोजिम निर्माण कार्य गराउने व्यवस्थाको पालना हुनुपर्दछ ।

७३ **गुणस्तर व्यवस्थापन**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो । ल्यावमा दरवन्दी रहेको देखिएन ।निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको

स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन ।

७४ **पुर्वनिर्धारित क्षतिपुर्ति**

पकलिहवा मा.वि. निर्माण कार्यको लागत अनुमान रु. १ करोड ९५ लाख ६९ हजार ३१० स्वीकृत गरी वोलपत्र हुँदा रु. १ करोड ३२ लाख १२ हजार ८६६ कबुल गर्ने अभियान्ता निर्माण सेवा सँग २०७९।८।१३ मा २०८०।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको समयमा कार्य सम्पन्न हुन नसकेको तथा म्याद थप समेत भएको देखिएन । निर्माण कार्यको यो आर्थिक वर्ष सम्म ७४ प्रतिशत कार्य भई रु. ९८ लाख १४ हजार ८५१ भुक्तानी भए पनि केही संरचना तथा फिनिसिङका कार्यहरु वाँकी रहेको देखिन्छ । कार्य सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएकोमा थप नभएकोमा पुर्वनिर्धारित क्षतिपुर्ति रु. ५ लाख ९४ हजार ५७९ असुल भएको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) तथा खरिद सम्झौताको शर्त अनुसार खरिद सम्झौता वमोजिमको समयमा निर्माण कार्य हुन नसकेमा ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने व्यवस्था रहेको छ । यस निर्माण कार्यमा २०८०।२।१५ मा म्याद समाप्त भएको थप नभएको तथा कार्यसम्पन्न समेत नभएकोले खरिद सम्झौता तथा खरिद कानुन वमोजिम सम्झौता रकमको अधिकतम दश प्रतिशतले हुन आउने रु. १३ लाख २१ हजार २८६ पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गर्नुपर्नेमा असुल भएको रु. ५ लाख ९४ हजार ५७९ कटाई वाँकी रु. ७ लाख २६ हजार ७०७ असुल गरी निर्माण सम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२६,७०७ |

७५ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को अनुसूची १ बमोजिम लागत अनुमान तयार गर्दा लागत अनुमान रकमको वर्क चार्ज २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिजेन्सी खर्चको व्यवस्था गरेको छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा ४ प्रतिशत रकम कण्टिजेन्सीको व्यवस्था गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा खर्च गर्नुपर्दछ । अभिलेख अनुसार यो बर्ष कण्टिजेन्सीमा रु. ५० लाख ८१ हजार खर्च गरेको देखिन्छ । उक्त खर्च कुल पूँजिगत खर्चको १.९८ प्रतिशत रहेको छ । यस्तो खर्च ज्यालामा रु. ५ लाख ३४ हजार, दै. भ्र. भ. मा २ लाख १९ हजार, ईन्धनमा ७ लाख ६७ हजार, मर्मतमा १ लाख ६४ हजार, मसलन्दमा ३ लाख ५७ हजार खर्च गरेको छ । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन । साधारण तथा कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन । अत: यस्तो खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ ।

७६ **प्रिमिक्स कार्पेट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७५ संशोधन समेत को प्रिमिक्स कार्पेटिङ २० एमएम सम्मको उचाई हुने गरी तोकेको छ । कार्यालयले निम्नानुसारका कालोपत्रे कार्यमा सो भन्दा वढी उचाईको भुक्तानी दिएको देखियो ।वढी उचाई ३० एमएमको नापी गरी भुक्तानी दिएकोमा सोको उचाई प्रमाणीत हुने कोर कटिङ्ग प्रतिवेदन समेत संलग्न गरेको देखिएन अत: स्पेशिफिकेशन भन्दा वढी हुनेगरी तथा सोको उचाई प्रमाणीत हुने प्रतिवेदन वेगर भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | वढी परिमाण घ.मी | भुक्तानी दर | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| १७१। ८१।३। ११ | वडा नं २र ६ को सडक निर्माणकार्यमा प्रिमिक्सको कार्य १७५८.११ वर्ग मिटर भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ३५.१६ हुनुपर्नेमा ५२.७४ घ.मिको भएको | शैलेश निर्माण सेवा | १७.५७ | १३००० | २२८४१० |
| २४०। ८१।३। २२ | वडा नं.८ र ११ सडक निर्माण मर्मतको प्रिमिक्सको कार्य ३२२५.४१ वर्ग मिटर भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ६४.५० हुनुपर्नेमा ९६.५५ घ.मिको भएको | अमृत कन्ट्रक्सन | ३२.०५ | १३००० | ४१६६५० |
| १८४। ८१।३। १४ | विभिन्न वडाको सडक निर्माणकार्यमा प्रिमिक्सको कार्य २७७७ वर्ग मिटर भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ५५.५४ हुनुपर्नेमा ८३.३३ घ.मिको भएको | वि.एण्ड वाई निर्माण सेवा | २७.७९ | १३५०० | ३७५१६५ |
| ३।८१।३। २२(स.वो) | विभिन्न सडक मर्मत कार्यमा प्रिमिक्सको कार्य २३०७ वर्ग मिटर भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ४६.१४ हुनुपर्नेमा ६९.२१ घ.मिको भएको | बैष्णवी निर्माण सेवा | २३.०७ | १६००० | ३६९१२० |
| १७३। ८१।३। ११ | वडा नं ३,९,१० को सडक मर्मत कार्यमा प्रिमिक्सको कार्य ३२०५ वर्ग मिटर भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ६४.१ हुनुपर्नेमा ९६.१७ घ.मिको भएको | शैलेश निर्माण सेवा | ३२.०७ | १२५०० | ४००८७५ |
| | | जम्मा | | | १७९०२२० |
| | | | | अनियमित भएको | १७,९०,२२० |

७७ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजिगत शिर्षकबाट रु. २५ करोड ६० लाख १३ हजार खर्च गरेकोमा रु. २० करोड २९ लाख १० हजार अर्थात् ७९ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ११ करोड ८८ लाख ७८ हजार सोझै रु. १ करोड ३ लाख ७८ हजार को खरिद गरेको छ । सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

७८ **पूर्वाधार संरचनाको उपयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ । त्यस्तै उपदफा ३ मा उत्पादनमुल तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवनस्तर आम्दानी र रोजगारी वढ्ने योजनालाइ प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक कृषि बजार पूर्वाधार निर्माणको स्रोतबाट कृषि बजारलाई व्यवस्थित गर्न रु. १२ करोड ५४ लाख ६१ हजारको लागत अनुमान स्वीकृत गरी वोलपत्र द्धारा निर्माण कार्य गरी रु १२ करोड १३ लाख ३६ हजार मा २०७८।७९ मानै कार्य सम्पन्न भएको तथा पर्खाल र जमिन मिलाउने काममा रु. ३४ लाख ४८ हजार र फ्लोरिङ फिनिसिङको रु. ९८ लाख ८८ हजार समेत रु. १३ करोड ४० लाख ७२ हजारमा उक्त संरचनाहरु २०८०।३।१५ मा सम्पन्न भएको छ । उक्त कृषि बजार पूर्वाधार परिचालन गर्न सूचना गरी बढाबढमा माग गर्दा प्रतिस्पर्धाबाट भाडामा लगाउन सकिएको देखिएन । कानुन वमोजिम योजना छनोट तथा संचालन गर्न नसक्दा निर्मित भवन उपयोग हुन सकेको देखिएन । साथै पुरानो हुँदै जाने तथा मर्मत तथा सुरक्षामा समेत लागत थपिदै जाने अवस्था रहेको छ । अत: प्रयोगविहीन अवस्थामा रहेको भवनको वैकल्पिक उपयोग तथा परिचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

७९ **वेलहिया गेट निर्माण**

८५।८०।१२।१५ बेलहिया गेट निर्माण कार्यको लागि लागत अनुमान रु.१ करोड ६७ लाख ५४ हजार स्वीकृत गरी वोलपत्र भएकोमा रु.१ लाख ६४ हजार ६२(१.७४ प्रतिशत न्युन) कबुल गर्ने लक्ष्मी निर्माण सेवासंग २०७८।१२।३० मा मा २०७९।३।१४ भित्र सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा समयमानै निर्माण सम्पन्न हुन नसकेकोमा २०८१।९।३० सम्म म्याद थप भएकोमा हालसम्म ४५ प्रतिशत मात्र कार्य भई रु.७४ लाख ११ हजार भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन् :

१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.२० लाख भन्दा वढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन/औजार, कामदार, निर्माण कार्यको मर्मत अवधि समेत खाम्ने गरी वीमा गराउनु पर्ने व्यवस्था छ। यस निर्माण कार्यमा २०७८।१२।३० मा २०७९।३।१४ भित्र सम्पन्न गर्ने भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा समयमानै कार्य सम्पन्न हुन नसकि २०८१।९।३० सम्म म्याद थप भएकोमा छ । खरिद नियम तथा खरिद सम्झौता अनुसार खरिद सम्झौता भएको शुरु अवधि देखि कार्यसम्पन्न हुने अवधि तथा सोको मर्मत अवधि समेतको वीमा हुनुनपर्नेमा भएकोमा २०८०।३।१५ देखि २०८०।९।२१ सम्मको वीमा गराई रु.१ लाख १९ हजार १२३ भुक्तानी भएको देखिन्छ। निर्माण कार्य सुरु अवधि देखि सम्पन्न तथा मर्मत अवधि समेतको वीमा गराउनुपर्नेमा आंशिक अवधिकोमात्र वीमा गराएको देखिएकोले खरिद कानुन तथा खरिद सम्झौता विपरित भएको वीमाको भुक्तानी असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,१२३ |

## ८० विद्युतिय सामाग्री खरिद

८०.१ **व्रान्ड उल्लेख गरेको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा ३ वमोजिम खरिद गरिने मालसामानको विवरण तयार गर्दा विशेषताहरु स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्ने अर्को उपाय नभएको अवस्थामा वाहेक कुनै खास व्रान्डको नाम उल्लेख गर्न नहुने व्यवस्था रहेको छ । विद्युतिय लाईट, स्वीच, तार तथा पोल खरिद कार्यको मालसामानको विशेषता तयार पार्दा हिमस्टार वा सो वरावरको उल्लेख गरिएको छ । जसका कारण प्रतिस्पर्धा प्रभावित भई १.६१ प्रतिशत मात्र घटेको देखिन्छ । मालसामानको खरिद गर्दा खरिद कानुनको पालना हुनुपर्दछ ।

सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १२१(क) तथा खरिद सम्झौताको शर्त अनुसार खरिद सम्झौता वमोजिमको समयमा आपुर्ति हुन नसकि ढिला आपुर्ति गरेमा ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था रहेको छ । आपुर्ति कर्तासँग भएको सम्झौताको विशेष शर्तमा ३० दिन भन्दा बढी अवधि लागेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । विद्युतिय सामाग्री खरिद कार्यमा २०८०।८।२६ मा ३० दिन भित्र आपुर्ति गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त सामानहरु २०८०।१२।६ मा आपुर्ति भई ७० दिन ढिला गरेकोमा खरिद सम्झौता तथा खरिद कानुन वमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति असुल गरेको छैन । अत: खरिद सम्झौता वमोजिम सम्झौता रकम रु. ४७ लाख ९८ हजार ५९० को प्रतिदिन ०.०५ प्रतिशतले हुन आउने रु. २,३९९।० ले ७० दिनको रु. १ लाख ६७ हजार ९३० असुल हुनुपर्दछ ।

८०.२ **जडान नभएको** - पालिका अन्तर्गतका सडकहरुमा सडक वत्ति मर्मत तथा जडानकालागि उल्लेखित अनुसारका सामानहरु खरिद भएकोमा मौज्दात देखाएको छ । खरिद भएका विद्युतिय सामाग्रीहरु जडान तथा उपयोग नभएको तथा खरिद कार्य गर्दा खरिद कार्य गर्दा खरिद कानुनको पालना भएको नदेखिएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४७,९८,५९० |

## ८१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाको वडा नं ९ को भित्री बाटोहरुमा नाला सरसफाई गर्ने दुई चरणमा ,गोहनिया पार्क मर्मत सम्भार तथा रंगरोगन, चौपारी बनाउने कार्य तथा नाला सरसफाई योजनाहरु सञ्चालन गरी यस वर्ष ११४ जनालाई औसत ३३.९३ दिनले ८४८ दिन रोजगारी

उपलव्ध गराई रु. ५ लाख ६६ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ८२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा नियमावली, २०७६ कोनियम ९ वमोजिम लाभग्राहीहरुले प्रत्येक वर्षको भाद्र मसान्त भित्र आफ्नो परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तरगत २०८०।८१ मा विभिन्न प्रकारका लाभग्राहीलाई रु. २० करोड ४१ लाख ६० हजार भुक्तानी भएको छ । आर्थिक वर्ष २०८०।८१ मा भत्ता भुक्तानी लिने लाभग्राही मध्ये मृत्यु, वसाईसराई तथा वालवालिकाको हकमा उमेरका कारण लगत कट्टा भएका वाहेक निम्नानुसार १४८ जनाले २०८१।८२ का लागि नवीकरण गराएको देखिदैँन । नवीकरण नगराएका व्यक्तिहरुको ०८०।०८१ को भत्ता खर्च रु. ६१ लाख ६४ हजार भुक्तानी भएको सम्बन्धमा पालिकावाट अनुगमन तथा छानविन भएको देखिएन । यस सम्बन्धमा एकिन हुनुपर्दछ ।

| लक्षित समूह | संख्या जना | मासिक दर | वार्षिक | जम्मा |
|---|---|---|---|---|
| जेष्ठ नागरिक अन्य | ८२ | ४००० | ४८००० | ३९३६००० |
| विधवा | ३५ | २६६० | ३१९२० | १११७२०० |
| जेष्ठ नागरिक एकल महिला | १७ | २६६० | ३१९२० | ५४२६४० |
| जेष्ठ नागरिक दलित | ५ | २६६० | ३१९२० | १५९६०० |
| लोपन्मुख जाति | ६ | ३९९० | ४७८८० | २८७२८० |
| अति अशक्त अपाङ्गता | १ | २१२८ | २५५३६ | २५५३६ |
| पूर्ण अपाङ्गता | २ | ३९९० | ४७८८० | ९५७६० |
| जम्मा | १४८ | | | ६१६४०१६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिद्धार्थनगर नगरपालिका, रुपन्देही , सिद्धार्थनगर नगरपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Janak Thapa | २०८०-११-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३७,१९५,०९९ | २६,२०२,००८ | ५,२४६,४३६ | ० | ० | २७९,८९० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६८,९२३,४३३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५६७,१६२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६८,३५६,२७१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १६२०१९७५० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४२१६२६६४८ | **चालु खर्च** | ५१६५७३२७६ |
| **प्रदेश सरकारबाट अनुदान** | २२९४०३८० | **पूँजीगत खर्च** | २५६०१३६९३ |
| **राजश्व बाँडफाँट** | १३०४३८५५८ | **वित्तीय/अन्य व्यवस्था** | २५३६४११६५ |
| **आन्तरिक आय** | १२६३५२३९४ | | |
| **अन्य आय** | २९३३०४८४५ | | |
| **कुल आय** | ९९४६६२८२५ | **कुल खर्च** | १०२६२२८१३४ |
| **बाँकी मौज्दात** | | १३०४५४४४१ | |

## अनुसूची - २

## सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने

कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्रीहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका जिन्सी मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाएकोले आन्तरिक लेखापरीक्षण हुन सकेको देखिएन। कार्यविवरण अनुसारको जिम्मेवारी पुरागर्न लगाई आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- कार्यसम्पन्न भइसकेका व्यापारिक भवनहरु सञ्चालन तथा उपयोग नभएकोले आवश्यक व्यवस्थापन गरि सञ्चालन गर्नुपर्दछ।स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गरी संञ्चालनमा ल्याउनुपर्दछ ।